# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com




## रवि भेट्न हिरासतमै पुगे भट्टराई र शाही





- पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाहीले हिरासत पुगेर रविले भेटे
- रविको पक्राउ राजनीतिक प्रतिशोध भएको डा. भट्टराईको भनाइ
- रविको मानवअधिकार रक्षा गर्न राप्रपा नेता शाहीको माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पर्साको वीरगञ्ज लैजाने तयारी भइरहेका बेला कास्कीको पोखरा पुगेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई एकपछि अर्को विपक्षी नेताले भेट गरेका छन् । सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान खेपिरहेका लामिछानेलाई शनिबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रवक्ता ज्ञानेन्द्र शाहीले भेट गरे । शाहीलेभन्दा पहिले नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले भेटेका थिए ।

रास्वपाले हिरासतमा रविमाथि अमानवीय व्यवहार भएको भन्दै विज्ञप्ति जारी गरेपछि दुई नेता रविलाई भेट्न हिरासत गएका हुन् । भेटपछि शाहीले लामिछानेको मानवअधिकार रक्षा गर्न माग गरेका छन् । 'माननीय रवि लामिछानेको मानवअधिकारको रक्षा गरियोस् । कानुनी राज्यको पालना गर्नु हामी सबैको कर्तव्य हो,' शाहीले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

उनले पोखरास्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा पुगेर शनिबार लामिछानेसँग भेट गरेका थिए । त्यस क्रममा लामिछानेले आफूलाई चितवनबाट पोखरा लैजाने क्रममा औषधिसमेत नदिएर दबाव दिएको भनेको र उक्त विषयमा सडक र सदनबाट सरकारको जवाफ माग्ने शाहीले बताए । शाहीले भन्दा पहिले पूर्वप्रधानमन्त्री डा. भट्टराईले लामिछानेलाई कास्की प्रहरीको हिरासतमै भेटेका थिए । संक्षिप्त कुराकानी गरेर फर्किएपछि उनले लामिछानेमाथि सरकारबाट प्रतिशोधपूर्ण व्यवहार भएको टिप्पणी गरेका थिए ।

'नयाँ राजनीतिक शक्तिहरूको उदय भइराखेको अवस्थामा एक सशक्त धारको प्रतिनिधित्व गर्ने व्यक्तिको रूपमा उहाँलाई बुझ्छु । त्यसैले उहाँप्रति मेरो सधैं सद्भाव पनि छ । जुन ढंगले अहिले उहाँलाई एकपछि अर्को गरेर दुःख दिने काम भइरहेको छ, यो अलि अस्वाभाविक लागेर र अन्यायपूर्ण भो भनेर नै ऐक्यबद्धता जनाउनका लागि आएको हुँ,' उनले पत्रकारहरूसँग भने ।


रास्वपाले हालै रविको डायरी नै प्रहरीले गायब पारेको जनाएको छ । सरकारले लामिछानेलाई अपराधिजस्तो व्यवहार गरेको पनि आरोप लगाएको छ । कार्यवाहक महामन्त्री मनिष झाले विज्ञप्ति जारी गर्दै त्यसबारे छानबिनका लागि राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारकर्मीलाई गुहारेका छन् । उनका अनुसार पाँच वटा सहकारी ठगीको अनुसन्धानका क्रममा रहेका लामिछानेको नैसर्गिक मानवअधिकार हनन् भएको छ ।

रास्वपाले सभापति लामिछानेलाई चितवनबाट रातारात पोखरा लैजाने कार्यको पनि विरोध गरेको छ । प्रहरीले मंगलबार र बुधबार चितवनको सहारा सहकारीमा भएको ठगी प्रकरणमा बयान लिएर बुधबार बेलुका नै पोखरा लगेको थियो । बुधबार बयान चलिरहँदा पनि प्रहरीसँग रास्वपा नेता कार्यकर्ताको झडप परेको थियो । त्यसपछि प्रहरीले उनलाई सोही दिन बेलुकी पोखरा लगेको थियो । यसलाई लिएर रास्वपाले विरोध जनाएको हो ।


क्रमशः पृष्ठ २ मा


## कुर्सीमा बस्ने दिनगिन्तीमा ओली

प्रमुख सत्ताघटक नेपाली कांग्रेसले ओलीलाई सत्ता हस्तान्तरणका लागि दबाब बढाएको छैन । बरु, कांग्रेस नेता डा. शेखर कोइरालाले नेतृत्व गरेको विचार समूहले ओली सरकारको आलोचना गर्दै आएको छ । तर, राजीनामा मागेको छैन । ओली स्वयंचाहिँ सरकारको दिनगिन्ती गरिरहेका छन् ।



■ **जेबी योञ्जन**

**काठमाडौं–** स्थिर सरकारको नारा दिएर कांग्रेस–एमाले गठबन्धनबाट प्रधानमन्त्री भएका केपी शर्मा ओलीले अस्वाभाविकरूपमा आफ्नो सरकारको आयु तोकिरहेका छन् । आलोपालो सरकारको नेतृत्व गर्ने गत १७ असारको समझदारीअनुसार पहिलो चरणमा प्रधानमन्त्री भएका ओली स्वयंले पटक–पटक सरकारको दिनगिन्ती गरेका हुन् ।

'अब १८ महिना सरकार चलाएपछि कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण हुन्छ,' छिमेकी मुलुक चीनको भ्रमण सकेर फर्किएलगत्तै ओलीले भनेका थिए । प्रमुख सत्ताघटक नेपाली कांग्रेसले ओलीलाई सत्ता हस्तान्तरणका लागि दबाब बढाएको छैन । बरु, कांग्रेस नेता डा. शेखर कोइरालाले नेतृत्व गरेको विचार समूहले ओली सरकारको आलोचना गर्दै आएको छ । तर, राजीनामा मागेको छैन । ओली स्वयंचाहिँ सरकारको दिनगिन्ती गरिरहेका छन् ।

राजनीतिक विश्लेषक डा. भेषराज घिमिरे कांग्रेसको शेखर समूहसँग ओली निकै तर्सिएको बताउँछन् । १५औं महाधिवेशनको अनौपचारिक तयारीमा जुटेको शेखर समूहले पार्टी सभापति शेरबहादुर देउवासँग दूरी बढाउँदै गएको र त्यही बीचमा सरकारको आलोचना गर्न थालेपछि ओली आत्तिदै सत्ता हस्तान्तरणको अवधि बेलाबेला भनिरहेको उनको विश्लेषण छ । 'कांग्रेसमा शेखर समूहले देउवाजीसँग दूरी बढाइरहेको छ । महाधिवेशन ०८२ मा हुने कुरा छ । महाधिवेशनबाट सभापति हुन खोजेका छन्,' उनले प्रभावसँग भने, 'तर, अहिले नै पार्टी संसदीय दलमा चुनौती दिन सकिन्छ कि भन्नेमा शेखर छन्, यदि, त्यस्तो भए अप्ठेरो पर्छ भनेर ओलीले सत्ता हस्तान्तरणको प्रतिबद्धता जनाइरहेका छन् ।'

> अहिले नै पार्टी संसदीय दलमा चुनौती दिन सकिन्छ कि भन्नेमा शेखर छन्, यदि, त्यस्तो भए अप्ठेरो पर्छ भनेर ओलीले सत्ता हस्तान्तरणको प्रतिबद्धता जनाइरहेका छन् ।
>
> ■ **डा. भेषराज घिमिरे**
> राजनीतिक विश्लेषक

> उहाँले सहजै हस्तान्तरण गर्नुहुन्न, जुन विगतले देखाउँछ । यस्तोमा कांग्रेसलाई विश्वस्त पार्न सत्ता हस्तान्तरणको प्रतिबद्धतालाई बारम्बार दोहोऱ्याएको हुन सक्छ ।
>
> ■ **भीम भुर्तेल**
> राजनीतिक विश्लेषक

चीन भ्रमणबाट फर्किएपछि सत्ता हस्तान्तरणबारे ओलीको अभिव्यक्तिलाई अर्थपूर्णरूपमा लिइएको छ । मुख्यगरी चीनसँग 'बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजना कार्यान्वयवन गर्न ओलीले भ्रमणका क्रममा सम्झौता गरेपछि कांग्रेसभित्र असन्तुष्टि बढेको छ । त्यसको संकेत ओलीले बेइजिङमै महसुस गरेको र नेपाल आएलगत्तै सत्ता हस्तान्तरणको प्रतिबद्धता दोहोऱ्याएको घिमिरेको बुझाइ छ ।

कांग्रेसको १७ असार २०८१ मा बसेको पदाधिकारी बैठकले बिआरआई परियोजनामा ऋण नलिने निर्णय लिएको थियो । त्यही राति एमालेसँग सत्ता साझेदारीमा सहमति गरेको थियो । सत्ता साझेदारी गर्नुभन्दा केही घण्टाअघि कांग्रेसले बिआरआईको विषयमा निर्णय लिनु अर्थपूर्ण थियो । त्यही निर्णयमा टेकेर कांग्रेसले प्रधानमन्त्री ओलीको चीन भ्रमणमा अड्को थापेको थियो ।

तथापि, दुई दलका शीर्ष नेताले बनाएको चार सदस्यीय कार्यदलले बिआरआई को–अपरेसन फ्रेमवर्कको मस्यौदा तयार गरेको थियो । त्यसमा अनुदानमात्रै लिने भनिएको थियो तर चीनले त्यसमा संशोधन चाहेपछि 'एड फाइनान्सिङ' शब्द राखेर फ्रेमवर्कमा सम्झौता भयो । त्यही शब्दलाई लिएर कांग्रेसका डा. प्रकाशशरण महतसहितका केही नेताहरूले बिआरआई सम्झौताको विरोध गरेका छन् ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

## जलवायु परिवर्तनले बढाउँदै वैदेशिक रोजगारीमा जाने संख्या

> जलवायु परिवर्तनको प्रभाव र घरपरिवारको अनुकूलन क्षमता र चुनौतीका बारेमा पहिलोपटक गरिएको चार देशीय अनुसन्धान प्रतिवेदनअनुसार किसान श्रमिकको रूपमा विदेसिँदा जमिन बाँझिदै गएको र यसबाट खाद्य सुरक्षामा असन्तुलन देखापरेको छ ।
>
> ■ **प्रा.डा. प्रेमसागर चापागाई**
> अनुसन्धानकर्ता




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विश्वव्यापी जलवायु परिवर्तनको असर हरेक क्षेत्रमा बढ्दो छ । एक अध्ययनले देशका युवा जनशक्तिलाई वैदेशिक रोजगारीतर्फ धकेल्ने काममा यसले भूमिका खेलिरहेको देखाएको छ ।

त्रिभुवन विश्वविद्यालय भूगोल केन्द्रीय विभागका प्रा.डा. प्रेमसागर चापागाईको नेतृत्वमा नेपाल, भारत, चीन र बंगलादेशका पाँच विश्वविद्यालयका अनुसन्धानकर्ताले गरेका अध्ययनले जलवायु परिवर्तनका कारण वैदेशिक रोजगारीमा जानेको संख्या बढिरहेको देखाएको हो । जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा असर पर्दा उक्त पेसा छाडेर वैदेशिक रोजगारीमा जाने क्रम बढेको प्रतिवेदनमा उल्लेख छ ।

दक्षिण एसियाको सामाजिक–सांस्कृतिक र भौगोलिक परिदृश्यमा जलवायु परिवर्तनका लागि घरपरिवारको अनुकूलन क्षमताको मूल्यांकन शीर्षकमा अनुसन्धानकर्ताले तीन वर्ष लगाएर उक्त अध्ययन गरेका थिए । अनुसन्धानकर्ता प्रा.डा. चापागाईले जलवायु परिवर्तनबाट कृषि उत्पादन घटेको, लागत मूल्य बढेको, बालीनालीमा रोग तथा कीराको संक्रमण बढेको, बेमौसमी अधिक वर्षा हावाहुरी र असिनाले बालीनालीमा क्षति पुऱ्याउँदै गएकाले कृषि पेसा छाड्ने क्रम बढेको बताए ।

'जलवायु परिवर्तनको प्रभाव र घरपरिवारको अनुकूलन क्षमता र चुनौतीका बारेमा पहिलोपटक गरिएको चार देशीय अनुसन्धान प्रतिवेदनअनुसार किसान श्रमिकको रूपमा विदेसिँदा जमिन बाँझिदै गएको र यसबाट खाद्य सुरक्षामा असन्तुलन देखापरेको छ,' उनले भने, 'जलवायु परिवर्तनले तापक्रममा परिवर्तन, वर्षाको ढाँचामा परिवर्तन र खडेरी, बाढी तथा पहिरोजस्ता विषम् मौसमी घटनाको बढ्दो प्रवृत्तिले नेपालमा कृषि उत्पादकत्वमा असर गरिरहेको छ ।'

बढ्दो खडेरी र मनसुनको ढिलाइका कारण बाली लगाउने समय पछाडि सर्दै जाँदा बीउ छर्ने, उम्रिने, फुल्ने र फल लाग्ने प्रक्रियामा असर पारेको र उत्पादकत्व घटेको प्रतिवेदनमा उल्लेख छ । 'भारत तथा बंगलादेशमा बाढी तथा डुबान बढेको छ, नदी तटीय कटान भई ठूलो संख्यामा घरपरिवार विस्थापित भएका छन् र खेतीयोग्य जमिन नाश भएको छ । बंगलादेशमा हिउँदमा नदीको गहिराइ कम हुन थालेको छ र नदीका बीचमा बालुवाका टापुहरूको उत्पत्ति भएर माछाको वासस्थानमा नकारात्मक असर परेको छ,' प्रतिवेदनमा उल्लेख छ, 'माछाको प्रजाति र उत्पादन दुवै घट्दै गएकाले मत्स्य व्यवसायमा आवद्ध किसानको जीविकोपार्जनमा चुनौती थपिएको छ ।'

अनुसन्धानमा जलवायु परिवर्तनले जीविकोपार्जनमा ल्याएको संकटासन्नताको अवस्थाका बारेमा दक्षिण एसियाका विभिन्न देशहरूको तुलनात्मक अध्ययन गरिएको छ ।


क्रमशः पृष्ठ २ मा





# दुई लाखलाई सेवा दिने आँखा अस्पतालको लक्ष्य

**काठमाडौं (प्रस)–** नेपाल आँखा अस्पताल त्रिपुरेश्वरले चालु आर्थिक वर्षमा दुई लाख सेवाग्राहीलाई सेवा प्रदान गर्ने लक्ष्य लिएको छ। गत आवमा एक लाख ६२ हजार बिरामीलाई सेवा उपलब्ध गराएको अस्पतालले चालु आवमा करिब ४० हजारभन्दा बढीलाई सेवा प्रवाह गर्ने लक्ष्य लिएको हो ।

शनिबार आयोजित अस्पतालको २० औं वार्षिक साधारणसभामा अस्पतालले गत आवमा १० हजार जनाको आँखाको विभिन्न खाले शल्यक्रिया गरेकामा चालु आवमा बढाएर १५ हजार पुऱ्याउने लक्ष्य लिइएको जानकारी दिइयो । गत वर्ष अस्पतालले ७६० जनालाई निःशुल्क उपचार सेवा उपलब्ध गराएको थियो भने ८० वर्षमाथि उमेरका ज्येष्ठ नागरिकलाई उपचार सेवामा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिँदै आएको छ ।



त्यस अवसरमा अस्पताल सञ्चालक समितिका कोषाध्यक्ष डा. अनिलप्रसाद गोर्खालीले वार्षिक आयव्यय विवरण प्रस्तुत गर्दै गत आवमा तीन करोड तीन लाख ७५ हजार रूपैयाँ रकम बचत गर्न सफल भएको जानकारी दिए । आँखाका बिरामीलाई सरल, सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने सिलसिलामा निकट भविष्यमै अस्पतालले बिमा प्रणालीलाई समावेश गर्ने तथा विधान संशोधनसम्बन्धी कार्य तीन महिनाभित्रै पूरा गरिने अस्पताल सञ्चालक समितिका अध्यक्ष डा. गोपालप्रसाद पोखरेलले जानकारी दिए ।

साधारणसभाले अस्पतालका सचिव युद्धध्वज सापकोटाद्वारा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमसम्बन्धी प्रतिवेदनलाई अनुमोदन गरेको छ । स्थापनाको ५१औं वर्षमा रहेको अस्पताले विशेषज्ञसहित १२६ कर्मचारीमार्फत आँखासम्बन्धी सम्पूर्ण गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । अस्पतालले निजी क्षेत्रबाट चश्मा बिक्रीमा हुनसक्ने मूल्यवृद्धिलाई रोकी बजार मूल्य नियन्त्रण गर्न चश्मा पसल सञ्चालन गर्दै आएको छ ।

# म्याग्दीका आठ स्थानमा स्वास्थ्य चौकी भवन निर्माण

**म्याग्दी (प्रस)–** जिल्लाका विभिन्न स्थानमा १० करोड ४७ लाख रूपैयाँ लागतमा आठवटा स्वास्थ्य चौकी भवन निर्माण भएका छन् । बेनी नगरपालिका, धवलागिरि, मंगला, अन्नपूर्ण गाउँपालिकामा एक-एक, मालिका र रघुगंगा गाउँपालिकामा दुई-दुईवटा स्वास्थ्य चौकी भवन निर्माण भएका हुन् ।

बेनी नगरपालिका-३ भकिम्लीमा ५० लाख रूपैयाँमा सभाहलसहित पाँचकोठे एकतले स्वास्थ्य चौकीको पक्की भवन निर्माण भएको वडाध्यक्ष पदमबहादुर पुनले बताए । रघुगंगा गाउँपालिका-४ दग्नाममा सहरी विकास मन्त्रालयको एक करोड ५९ लाख रूपैयाँ र वडा नम्बर ७ चिमखोलामा एक करोड ६७ लाख २८ हजार रूपैयाँ लागतमा स्वास्थ्य चौकी भवन निर्माण भएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको स्वास्थ्य चौकीमा नीलगिरिखोला जलविद्युत् आयोजनाको २८ लाख ४९ हजार रूपैयाँ सहयोगमा निर्माण भएको छकोठे भवनमा प्रसूतिगृह सञ्चालन भएको छ। अन्नपूर्ण-३ दाना र वडा नम्बर ७ हिस्तानको औलामा स्वास्थ्य चौकीको नयाँ भवन निर्माणाधीन छन् । मालिका गाउँपालिका-२ रुममा दुई करोड ६४ लाख १४ हजार रूपैयाँ र वडा नम्बर ३ डाडाँगाउँमा एक करोड ५९ लाख ८३ हजार रूपैयाँ लागतमा स्वास्थ्य चौकी भवन निर्माण भएको गाउँपालिकाले जनाएको छ ।

यसैगरी, मंगला गाउँपालिका-२ रणवाङमा एक करोड ३० लाख रूपैयाँ र धवलागिरि गाउँपालिका-४ मुदीमा ८९ लाख रूपैयाँको लागतमा स्वास्थ्य चौकी भवन निर्माण भएर सेवा सञ्चालनमा ल्याइसकिएको छ । छवटा स्थानीय तहका ४५ वडा रहेको सदरमुकाम बेनीमा रहेको अस्पतालको ५० शयचा क्षमताको भवन निर्माणाधीनछ । धवलागिरिको ताकममा पाँच र मंगलाको हाडेभिरमा १० शयचा क्षमताको पालिकास्तरीय अस्पताल भवन निर्माणाधीन छ ।

अन्नपूर्ण गाउँपालिका-१ दोवामा निर्माण भएको पाँच शयचाको अस्पताल भवन जनशक्ति र उपकरण अभावका कारण सञ्चालन भएको छैन । बेनी नगरपालिका-१ रत्नेचौर, रघुगंगा-१ बेग, अन्नपूर्ण-१ दोवा, वडा नम्बर ५ शिख, मालिका-१ निस्कोटस्थित स्वास्थ्य चौकीले पुरानै भवनबाट सेवा प्रवाह गरिरहेका छन् ।

पृष्ठ १ बाट क्रमश:

## कुर्सीमा बस्ने...

तर, उनी परराष्ट्रमन्त्री भएको बेलामा सन् २०१७ मा बिआरआई परियोजनामा 'एमओयू' भएको थियो। यद्यपि, तिनै महतले अहिले विरोध गरिरहेका छन् । प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकार १८ महिनासम्म सञ्चालन हुने भन्नुको अर्को सन्दर्भमा पनि जोडिन्छ। चीन भ्रमणपछि भारतीय भूमिका सरकार ढाल्नेमा केन्द्रित हुने काठमाडौंमा विश्लेषण भइरहेको थियो । त्यसका लागि पनि ओलीले जवाफ दिएको विश्लेषण भइरहेको छ ।

डा. घिमिरेका अनुसार भने बिआरआईको विषयले कांग्रेसमा बढ्न सक्ने अविश्वास र भारतीय भूमिकाका कारण शेरबहादुर देउवामा अविश्वास नबढोस् भन्नका लागि ओलीले पुरानो वाचा दोहोऱ्याएको विश्लेषण भइरहेको छ। प्रधानमन्त्री आफैंले 'समयमा नै सरकारको नेतृत्व हस्तान्तरण गर्छु' भन्नु कांग्रेसलाई आश्वस्त पार्न खोजेको प्रस्ट बुझिने घिमिरेले बताए । त्यतिमात्रै होइन, ओलीले देउवालाई विश्वासमा लिनकै लागि केही समयअघि आरजु लक्षित भविष्यवाणी गरेका थिए । ओलीले निकट भविष्यमा महिला प्रधानमन्त्री हुने र त्यसमा आफ्नो योगदान हुने बताएका थिए ।

त्यसलाई धेरैले आरजुलाई खुसी पार्न ओलीको लाक्षणिक अभिव्यक्तिको रूपमा बुझेका थिए । ओलीले संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर फर्केपछि राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गरेका थिए । उक्त भेटमा परराष्ट्रमन्त्री आरजु राणालाई पनि साथै लगेका थिए। दसैंअघिको उक्त सन्दर्भलाई पनि अर्थपूर्णरूपमा हेरिएको थियो । दुई ठूला दल मिलेर सरकार बनाउँदा समस्या समाधान हुने आशा कांग्रेसले गरेको भए पनि त्यसअनुरूप काम नभएपछि अलोचना हुँदै आएको छ। यदि कांग्रेसले गठबन्धनबाट हात झिक्नेबित्तिकै ओली सरकार ढल्ने अवस्था छ । त्यही कारण ओलीले कांग्रेसलाई विश्वासमा राख्न सत्ता हस्तान्तरणको प्रतिबद्धता दोहोऱ्याएको देखिएको छ ।

ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढालेर कांग्रेसको समर्थनमा आफ्नो नेतृत्वमा सरकारको गठबन्धन बनाएका हुन् । उनले माओवादीलाई कांग्रेससँगको गठबन्धन तोड्न लगाएर आफूसँग गठबन्धन बनाएको चार महिनामा नै माओवादीसँग गठबन्धन तोडेका थिए ।

२०७२ सालमा माओवादीको समर्थनमा ओली पहिलोपटक प्रधानमन्त्री बनेका थिए । प्रधानमन्त्री बन्दा ओली र माओवादी अध्यक्ष दाहालबीच सरकार आधाआधा चलाउने मौखिक सहमति भएको माओवादीको दाबी थियो । तर, ओलीले नौ महिनापछि सरकारको नेतृत्व दाहाललाई हस्तान्तरण गरेनन्, जसका कारण दाहालले ओलीलाई दिएको समर्थन फिर्ता लिएर कांग्रेसको समर्थनमा आफू प्रधानमन्त्री बनेका थिए ।

२०७४ सालमा माओवादी र एमाले मिलेर गठबन्धन गरे । पार्टी एकता गरी नेकपा बन्दा पाँच वर्षमा सरकारको नेतृत्व ओली र दाहाल आधाआधा गर्ने लिखित सम्झौता गरेका थिए । तर, सम्झौताअनुसार ओलीले सत्ता सहजरूपमा हस्तान्तरण गर्न चाहेनन् । त्यसले दाहाल र ओलीबीच विवादमात्र निम्त्याएन, नेकपा नै विभाजन भयो । २१ फागुन २०८० मा माओवादी-एमाले गठबन्धन भयो । तर, चार महिनामै ओलीले दाहाललाई छोडेर कांग्रेसको समर्थनमा आफू प्रधानमन्त्री बने ।

राजनीतिक विश्लेषक भीम भुर्तेल प्रधानमन्त्री ओली सहज ढंगले सत्ता हस्तान्तरण कहिल्यै गर्दैनन् । उनको विगतले त्यही देखाउने भुर्तेल बताउँछन् । 'जसरी उहाँले सत्ता हस्तान्तरणको कुरा गरिरहनुभएको छ, सहजै हस्तान्तरण गर्नुहुन्न, जुन विगतले देखाउँछ,' उनले भने, 'त्यही भएर कांग्रेसको शेखर समूह सशंकित भएको छ । यस्तोमा कांग्रेसलाई विश्वस्त पार्न सत्ता हस्तान्तरणको प्रतिबद्धतालाई बारम्बार दोहोऱ्याएको हुन सक्छ ।' प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले भने यसअघि नै प्रधानमन्त्री ओली आफ्नै सरकारको दिनगिन्ती गर्दै बसेको टिप्पणी गरेको थियो । कूशासनको दलदलमा फसेको भन्दै सरकारको विकल्प खोज्नुपर्ने उक्त दलको माग छ । तर, कांग्रेस र एमालेको सरकार ढल्ने छाँट भने राजनीतिक विश्लेषक भुर्तेल अहिले देख्दैनन् ।

●●●

## जलवायु परिवर्तनले...

'जलवायु परिवर्तनको सकारात्मक प्रभाव पनि पाइएको छ । नेपालका हिमाली र पहाडी क्षेत्रका उच्च भूभागमा स्याउ र अन्न उत्पादनमा वृद्धि भएको छ । तर यी क्षेत्रमा खेतीयोग्य भूमि र सिँचाइ सुविधा सीमित हुँदा उत्पादन न्यून छ,' प्रा.डा. चापागाईले भने। यस अनुसन्धानअन्तर्गत नेपाल खण्डको छुट्टै प्रतिवेदन तयार पारिएको छ । नेपालमा जलवायु परिवर्तनले कृषिमा पारेको प्रभाव, अनुकूलनका चुनौती र उपाय तथा नीतिगत सवाल शीर्षकको नेपाल केन्द्रित प्रतिवेदनमा जलवायु परिवर्तनले निम्त्याएका चुनौतीहरू भविष्यमा अझ तीव्र हुने प्रक्षेपण गरिएको छ ।

प्रतिवेदनमा जलवायु परिवर्तनको अवस्था र यसले कृषिमा पारेको प्रभाव, अनुकूलनका उपाय तथा नेपालका विभिन्न भौगोलिक क्षेत्रका किसानको अनुकूलन क्षमतामा प्रभाव पार्ने प्रमुख कारकतत्त्व र नीतिगत सवाल समेटिएको छ ।

●●●

## रवि भेट्न...

अब लामिछानेलाई वीरगञ्जको सानो पाइला सहकारीमा भएको ठगी आरोपबारे बयानका लागि लैजाने प्रहरीको तयारी छ । पर्सा जिल्ला अदालतले यसअघि नै लामिछानेसहितका आरोपीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ । यसअघि लामिछानेको वयान सूर्यदर्शन सहकारी पोखरा, सुप्रिम सहकारी बुटवल, स्वर्णलक्ष्मी सहकारी काठमाडौं र सहारा सहकारी चितवनमा भइसकेको छ। बयानका क्रममा उनले लागेका आरोपहरूलाई इन्कार गरेका छन् । बरु, राजनीतिक प्रतिशोध साँधेर फसाउन खोजेको बताउँदै आएका छन् ।

उनीसँग भेटेर फर्किएपछि नेसपा अध्यक्ष डा. भट्टराईले पनि लामिछानेलाई राजनीतिक प्रतिशोध साँधेर फसाउन खोजिएको बताएका हुन् । लामिछाने २ कात्तिकको साँझ काठमाडौंको वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ परेका थिए । उनी ३ कात्तिकको बिहानमात्रै पोखरा पुगे । उनै लामिछानेले यसअघि आफूलाई हिरासतमा अपराधिको जस्तो व्यवहार गरेको बताएका थिए । त्यसपछि रास्वपाले आफ्नो सभापति लामिछानेको हिरासत बसाइँबारे कुराकानीमा आधारित भन्दै एउटा विज्ञप्ति जारी गरेको थियो । त्यहाँ लामिछानेको मानवअधिकार हिरासतमा हनन् भएको उल्लेख थियो । अन्ततः नेसपा अध्यक्ष डा. भट्टराईदेखि राप्रपा प्रवक्ता शाही हिरासतमै भेट्न पुगेका हुन् ।


**साउदीमा रोजगार** कम्पनी : SEDER AL WATAN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२७ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 301283 चलानी नं. ६०२१६२५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 20 | 0 | 1000 | ३६,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३० गते (15th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. 1563/079/080

**युएईमा रोजगार** कम्पनी : PAN EMIRATES HOME FURNISHINGS LLC -DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 315014 चलानी नं. ६०२२९३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 40 | 0 | 1000 | ३६,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर३० गते (15th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Aseana International Pvt. Ltd.
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal, Tel:- 01-498950
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com
Govt. License 937/067/068

**साउदीमा रोजगार** कम्पनी : Hatem Jarallah Al-Maliki Trading Company.

पूर्व स्वीकृति मिति : २०८१/०५/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 309116 चलानी नं.६०२२३९८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 9 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HATEM JARALLAH PROJECT CO.

पूर्व स्वीकृति मिति : २०८१/04/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 308537 चलानी नं.६०२२३१९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 1000 | ३६,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter(Male) | 5 | 0 | 1300 | ४६,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ३० गते (15th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


आइतबार, २३ मंसिर, २०८१

| | |
|---|---|
| मेष | अरुको करकापमा काम गर्न बाध्य । |
| वृष | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मिथुन | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| कन्या | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| तुला | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| मकर | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| कुम्भ | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| मीन | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ मंसिर, २०८१ (०८ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२८ | १३५.८८ |
| युरो | १ को | १४२.३९ | १४३.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.०७ | १७२.८३ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.०७ | ८७.४५ |
| क्यानाडियन डलर | १ को | ९६.२३ | ९६.६५ |
| सिङ्गापुर डलर | १ को | १००.८५ | १०१.२९ |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.६२ | १८.७० |
| साउदी अरब रियाल | १ को | ३६.०० | ३६.१६ |
| कतारी रियाल | १ को | ३७.११ | ३७.२७ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८३ | ३६.९९ |
| मलेसियन रिङेट | १ को | ३०.५५ | ३०.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.५४ | ९.५८ |
| स्विडिस क्रोनर | १ को | १२.३७ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.०९ | १९.१८ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४३९.९८ | ४४१.९३ |
| बहराइन दिनार | १ को | ३५८.७७ | ३६०.३६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

पत्रकार महासंघको निर्वाचन

# विष्टलाई प्रेस सेन्टरसहित ६ संगठनको समर्थन



■ प्रभाव संवाददाता

**काठमाडौँ–** नेपालपत्रकार महासंघको यही मंसिर २८ गते हुने निर्वाचनका लागि अध्यक्षका उम्मेदवार रमेश विष्टलाई प्रेस सेन्टर, समाजवादी पत्रकार संगठनलगायत छ वटा संस्थाले मर्थन गरेका छन् । प्रेस सेन्टरबाट अध्यक्ष पदमा उम्मेदवारी दिएका कमल गिरीले आफ्नो उम्मेदवारी फिर्ता लिएर विष्टलाई समर्थन गरेका हुन् ।

नेपाल प्रेस युनियनले प्रेस चौतारी नेपाललाई अध्यक्ष पदको उम्मेदवारी सुम्पिएपछि असन्तुष्टि जनाउँदै विष्टले उम्मेदवारी दिएका छन् । विष्टको नेतृत्वमा संयुक्त प्यानल घोषणा गर्न शनिबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रेस सेन्टरका गिरीले सक्षम, योग्य र अनुभवी उम्मेदवार भएकाले विष्टलाई समर्थन गरेको बताए । उनले विष्टलाई विजयी गराउन आफू र समर्थन गर्ने संगठनहरू सक्रिय भएर अघि बढ्ने बताए । उम्मेदवारी फिर्ता लिएर समर्थन गरेकोमा विष्टले सबैलाई धन्यवाद दिए ।

विष्ट नेतृत्वको प्यानलले 'श्रमजीवी पत्रकारहरूको साझा प्यानल' नाम दिइएर चुनावमा होमिने घोषणा गरेको छ । यस प्यानलबाट वरिष्ठ उपाध्यक्षमा माओवादीनिकट प्रेस सेन्टरबाट हालका महासचिव रोशन पुरीले उम्मेदवारी दिएका छन् । यस्तै, महिला उपाध्यक्षमा गंगा पौडेल (बराल), समावेशी उपाध्यक्षमा सुभासप्रसाद साह, महासचिवमा लेखनाथ न्यौपाने र खुला सचिवमा उत्तरसिंह विष्टले उम्मेदवारी दिएका छन् ।

मधेसी सचिवमा श्रीजन झा, महिला सचिवमा सरिता बराइली, दलित सचिवमा वसन्त विक, आदिवासी जनजाति सचिवमा भिषण राई, एसोसियट सचिवमा विकास कार्की र कोषाध्यक्षमा रामकृष्ण अधिकारीले यस प्यानलबाट उम्मेदवारी दिएका छन् । विष्टको प्यालनबाट लेखा संयोजकमा ध्रुव रावल समेटिएका छन् ।

अध्यक्षका उम्मेदवार विष्टले आफ्नो टिम इमानदार र अनुभवी रहेको दाबी गरे । उनले आफूहरू निर्वाचित भएपछिको महासंघको इमानदारिताको कसीमा प्रश्नचिह्न खडा हुन नदिने प्रतिबद्धता व्यक्त गरे । महासंघको गौरवपूर्ण इतिहास र आगामी दिनमा लोकतन्त्रमाथि आउने चुनौती, मानवअधिकारको क्षेत्रमा आउने चुनौती, प्रेस जगत र अभिव्यक्ति स्वतन्त्रतामा आउने चुनौतीको सामना गरेर अगाडि बढ्न आफू नेतृत्वको टिमलाई विजयी गराउन पनि उनले आग्रह गरे ।

विष्ट नेतृत्वको प्यानलले नौ बुँदे प्रतिबद्धतासमेत सार्वजनिक गरेको छ । जसमा नेपाली पत्रकारितालाई स्वच्छ, मर्यादित र उत्तरदायी बनाउनका लागि महासंघभित्र र पत्रकारिता क्षेत्रमै शुद्धीकरणको आवश्यकता रहेको उल्लेख गर्दै यसका लागि महासंघलाई क्रियाशील पत्रकारहरूको मात्रै साझा संगठन बनाई आमश्रमजीवी पत्रकारको साझा नेतृत्वदायी पेसागत संगठनका रूपमा अघि बढाउनेलगायतका बुँदा समेटिएका छन् ।

# सामाजिक सञ्जालमार्फत चरित्रहत्या गरेको अभियोगमा तीनजना पक्राउ

**काठमाडौँ (प्रस)–** सामाजिक सञ्जालको दुरूपयोग गरी चरित्रहत्या गरेको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय साइबर ब्युरोको टोलीले तीन जनालाई पक्राउ गरी शनिबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा रौतहट चन्द्रपुर नगरपालिका जुडिवेला घर भएका ३९ वर्षीय कृष्णप्रसाद अधिकारी भन्ने बिहानीबहादुर अधिकारी, चितवन भरतपुर महानगरपालिका-१२ घर भएका ३७ वर्षीय रूपक शर्मा पौडेल र सप्तरी बोदेबरसाइन नगरपालिका-६ फुल्काई घर भएका २४ वर्षीय लक्ष्मण यादव भन्ने जगदीशप्रसाद यादव रहेका केन्द्रीय साइबर ब्युरोका उपनिर्देशक एवं प्रहरी उपरीक्षक भाग्येन्द्रपुरुष ढकालले जानकारी दिए ।

उपरीक्षक ढकालले भने, 'पक्राउमध्ये कृष्णप्रसाद भन्ने बिहानीबहादुरले 'फेसबुक' मा साथी बनी कुराकानीका क्रममा आदानप्रदान गरिएका गोप्य तस्बिरहरू 'रेकर्ड' गरी राखेर पीडितका आफन्त तथा साथीहरूको 'म्यासेञ्जर' मा पठाई चरित्रहत्या गरी दुःख हैरानी दिएको र रूपक शर्माले सामाजिक सञ्जालमा चिनजान भई प्रेम सम्बन्धमा रहँदा आदानप्रदान गरिएका गोप्य तस्बिरहरू पीडकले अश्लील शब्दहरू लेखी पीडितको सम्पर्क नम्बरसहित 'ह्वाट्स एप ग्रुप' मा 'सेयर' गरी दुःख हैरानी दिएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।'

यसैगरी, लक्ष्मण यादव भन्ने जगदीशप्रसादले फेसबुकमार्फत चिनजान भई निकट सम्बन्धमा रहँदा खिचिएका तस्बिर तथा रेकर्ड गरिएका भिडियोहरू आफन्त तथा साथीका 'म्यासेञ्जर'मा पठाई चरित्रहत्या गरी दुःख हैरानी दिएको घटनामा साइबर ब्युरोमा मुद्दा दर्ता भई फरार रहेका उनलाई वैदेशिक रोजगारीका क्रममा कतारमा रही नेपाल फर्कने क्रममा त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचरको समन्वयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको केन्द्रीय साइबर ब्युरोले जनाएको छ ।

कृष्णप्रसाद भन्ने बिहानीबहादुर र रूपक शर्माउपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट सात दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको र लक्ष्मण यादव भन्ने जगदीशप्रसादलाई आइतबार जिल्ला अदालत काठमाडौंमा पेस गरिने उपनिर्देशक एवं प्रहरी उपरीक्षक ढकालले बताए ।

# भरतपुर अस्पतालमा विपन्नका लागि 'कपडा बैंक'

**चितवन (प्रस)–** भरतपुर अस्पतालले विपन्न बिरामी र कुरुवालाई लक्षित गर्दै 'कपडा बैंक' स्थापना गरेको छ । दिन सक्नेले कपडा दान गर्ने र विपन्नले लैजान सक्नेगरी बैंक स्थापना गरिएको हो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्रा.डा. कृष्णप्रसाद पौडेलका अनुसार कपडा पर्याप्त नभएका विपन्न वर्गका बिरामी र कुरुवालाई केही भए पनि राहत होस् भनेर बैंक स्थापना गरिएको हो । उनले घरमा रहेका दान गर्न मिल्ने कपडा पनि बैंकमा राख्न सकिने बताए । उनले भने, 'कतिपय कपडा नलगाई पुराना भएका हुन्छन् । कतिपय सानो वा ठूला भएका हुन्छन्, त्यस्ता कपडा यहाँ दान गर्न सकिन्छ ।'

अस्पतालका सर्जन डा. दीपेन्द्र न्यौपानेको नेतृत्वमा रामहरि ढकाल र प्रभा गुरुङ रहेको समिति बनाइएको छ । डा. न्यौपानेले सक्नेले दान गर्ने र विपन्न वर्गले लैजाने गरी बैंक सञ्चालन गरिएको बताए । उनले नयाँ कपडा किनेर पनि दान गर्न सकिने बताए । उनले भने, 'ग्रामीण भेगका विपन्न बिरामी र कुरुवा लुगलुग काप्दै आउँछन्, सबैलाई हामीले दिएर मात्रै पुग्दैन, सबैले दान गर्न मिलोस् भनेर बैंक सञ्चालन गरेका हौं ।'

दान गर्न चाहनेले सीधै लगेर बैंकमा कपडा राख्नसक्ने व्यवस्था गरिएको छ । अलमल परेमा आफूहरूलाई सम्पर्क गर्नसक्ने डा. न्यौपानेको भनाइ छ । बैंकमा कपडा दान गर्ने क्रम सुरु भएको छ । कतिपयले नयाँ कपडा किनेरसमेत दान गरेका छन् ।

भरतपुर संघीय सरकारी अस्पताल हो । यहाँ चितवनसहित छिमेकी २२ भन्दा बढी जिल्लाबाट बिरामी आउने गर्दछन् । गाउँगाउँबाट विपन्न बिरामीको संख्या यहाँ उल्लेख्य हुने गर्दछ । उनीहरू जाडोमा लगाउने न्यानो कपडाको अभाव थप प्रभावित हुने गर्दछन् ।

# घरपझोङ गाउँपालिका र ललितपुर महानगरपालिकाबीच भगिनी सम्बन्ध



**ललितपुर (प्रस)–** ललितपुर महानगरपालिका र मुस्ताङको घरपझोङ गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । महानगरका प्रतिनिधिसहित मुस्ताङ पुगेका नगरप्रमुख चिरीबाबु महर्जन र घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले भगिनी सम्बन्ध कायम गर्ने समझदारीपत्रमा शनिबार हस्ताक्षर गरेका हुन् ।

घरपझोङ गाउँपालिकाको पूर्वाधार निर्माण, सामाजिक विकास, सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धनका असल अभ्यास आदानप्रदान गर्न भगिनी सम्बन्ध कायम गरिएको ललितपुर महानगरप्रमुख महर्जनले बताए । समझदारीपत्रमा हस्ताक्षरपछि उनले सम्पदा संरक्षण र अन्य आवश्यक क्षेत्रमा ललितपुर महानगरले सहयोग गर्ने बताए । 'प्रकृतिले यस पालिकालाई अमूल्य वरदान दिएको रहेछ, यसको संरक्षण गर्न हामी कुनै न कुनै रूपमा जोडिनेछौं,' उनले भने । महानगरप्रमुख महर्जनले विना 'टेन्डर' महानगरले निर्माण गरेका मूर्त सम्पदा र सडक निर्माण घरपझोङले अनुशरण गर्न सक्ने बताए ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष लालचनले भगिनी सम्बन्धपछि आफूलाई अभिभावक पाएको महसुस भएको बताए । आफ्नो निमन्त्रणालाई स्वीकार गरेर महानगरप्रमुखसहितको प्रतिनिधिमण्डल पालिकामा आएर भगिनी सम्बन्ध स्थापित गर्न पाएकामा खुसी व्यक्त गरे । हिमालपारिको यस जिल्लामा गर्नुपर्ने काम धेरै भए पनि वार्षिक बजेट न्यून हुँदा काम गर्न असहज भएको उनको भनाइ थियो ।

ललितपुर महानगरका प्रवक्ता एवं वडा नं ९ का वडाअध्यक्ष राजु महर्जनले घरपझोङ गाउँपालिका र ललितपुर महानगरको संस्कृति र सभ्यताबीच एकरूपता रहेको बताए । ललितपुर महानगरले घरपझोङसहित पाँचवटा पालिकासँग भगिनी सम्बन्ध कायम गरेको बताउँदै प्रवक्ता महर्जनले भगिनी सम्बन्धले पालिकाहरूबीच असल अभ्यास आदानप्रदान गर्न सजिलो हुने धारणा राखे । महानगरका प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले भगिनी सम्बन्ध कायम भएपछि विकासमा साझेदारी र असल अभ्यासको अनुकरण र अनुशरण गर्न सहज हुने विश्वास व्यक्त गरे ।

वि.सं. २०७३ को स्थानीय निर्वाचनअघि मुस्ताङ जिल्ला साविकका मार्फा, टुकुचेको दुईवटा वडा र जोमसोस गाउँ समितिलाई समेटेर घरपझोङ गाउँपालिका घोषणा गरिएको थियो । यो गाउँपालिकामा पाँचवटा वडा छन् । तथ्यांकअनुसार यहाँ तीन हजार १८४ जनसंख्या रहेको छ ।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Bhojpur, Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2081-08-23 (December 08, 2024)**
**Invitation of Bid No.: 02-081/82**

1. Infrastructure Development Office, Bhojpur invites bids from eligible bidders for following procurement of works:

| S.N. | Contract Identification Number | Project Name | Estimated Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/BHO/W/SQ-12/081/82 | Upgrading works of Bhojpur Arun Ga.Pa. 6 Ranitar to Aapchaur-Bhadaure Road, Bhojpur | 19,31,474.79 | 43000.00 | 1000.00 |
| 2 | IDO/BHO/W/SQ-13/081/82 | Upgrading works of Jarayotar Road to Arun Ga. PA. ward No. 7 Ward office Road, Bhojpur | 19,31,411.38 | 43000.00 | 1000.00 |
| 3 | IDO/BHO/W/SQ-14/081/82 | Upgrading works of Sasastra Camp Road, Bhojpur | 14,48,419.95 | 32500.00 | 1000.00 |
| 4 | IDO/BHO/W/SQ-15/081/82 | Upgrading works of Dingla Furkethala Road Sa. Na. Pa. 4, Bhojpur | 19,31,852.22 | 43000.00 | 1000.00 |
| 5 | IDO/BHO/W/SQ-16/081/82 | Upgrading works of Bhadaure-Danuwar Gau-Salbote Road Sadananda Rural Muncipality ward No-7, Bhojpur | 1,448,403.49 | 32500.00 | 1000.00 |
| 6 | IDO/BHO/W/SQ-17/081/82 | Upgrading works of Neupane Danda To Lamsuwaghat Road Sadananda Na.Pa., Bhojpur | 1,931,573.73 | 43,000.00 | 1000.00 |
| 7 | IDO/BHO/W/SQ-18/081/82 | Upgrading works of Joshi Danda-Turkepul Road Sa.Na.Pa. Muncipality ward No-12, Bhojpur | 19,31,560.72 | 43,000.00 | 1000.00 |
| 8 | IDO/BHO/W/NCB-19/081/82 | Upgrading works of Kot Hospital-Shaurya Bazzara- Banuwa Road, Bhojpur | 24,14,494.85 | 53500.00 | 3000.00 |
| 9 | IDO/BHO/W/NCB-20/081/82 | Upgrading works of Arun Ga. Pa. 4 Baiddha Gau to chhechhelung Aa. Bi- Kumaltar Arun River Road, Bhojpur | 24,99,874.03 | 55500.00 | 3000.00 |
| 10 | IDO/BHO/W/NCB-21/081/82 | Upgrading works of Batase-Machung-Hilebhanjyang Road Arun Rural Muncipality, Bhojpur | 48,28,873.05 | 107000.00 | 3000.00 |
| 11 | IDO/BHO/W/NCB-22/081/82 | Upgrading works of Bijaybas-Machung-Hilebhanjayang Road, Bhojpur | 48,28,572.40 | 107000.00 | 3000.00 |
| 12 | IDO/BHO/W/NCB-23/081/82 | Upgrading works of Yachungtar- Rumala-Badungla-Setibagar Road Temkemangyung Ga.Pa. 2, Bhojpur | 48,28,889.71 | 107000.00 | 3000.00 |
| 13 | IDO/BHO/W/NCB-24/081/82 | Upgrading works of Dingla Bazzar -Post prasad house to Sa.Na.Pa. Ward office-8, Bhojpur | 24,14,473.47 | 53500.00 | 3000.00 |

2. Purchase, Submission and Opening of the Bid:

| For NCB Contract | | | |
|---|---|---|---|
| Submission of Bid | | Opening of Bid | |
| Date | Time | Date | Time |
| 2081/09/23 (January 07, 2025) | 12 Hrs. | 2081/09/23 (January 07, 2025) | 13 Hrs. |
| **For Sealed Quotation Contract** (Hard Copy or Electronic Bid Submission) | | | |
| Submission of Bid | | Opening of Bid | |
| Date | Time | Date | Time |
| 2081/09/08 1(December 23,2024 | 12 Hrs. | 2081/09/08 (December 23, 2024) | 13 Hrs. |

**Bank Details**

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Province Treasury Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 2040100202030000 (Pradesh Dharauti) | Office code 3370107011 |
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 1000200010000 (Rajswa) | 14229 (Revenue Code) |

3. Others Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra .gov.np.

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### न्याय निरूपण विश्वसनीय बनाऊ

संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका लागि पदाधिकारी सिफारिस समितिले ४० जनाको नाम 'सर्ट लिस्ट'मा पारेको छ । समितिले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारीका लागि अध्यक्षमा आठ र सदस्यमा ३२ जनाको नाम छनोट गरेको छ । कूल १५६ जनाले आवेदन दिएकामध्येबाट सर्ट लिस्ट तयार पारेको हो । अब यही नामहरूबाट दुई आयोगमा पदाधिकारी छनोट हुने छ ।

मुलुकमा विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पूरा भइसक्दा पनि संक्रमणकालीन न्यायको प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन । बल्ल सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी छनोट हुने चरणमा छ । आयोग गठन नहुँदा द्वन्द्वपीडितहरू वर्षौंसम्म न्यायको पर्खाइमै तड्पिनुपरिरहेको यथार्थ हामीमाझ छ । चाँडो शान्ति प्रक्रिया टुंग्याउन चौतर्फी आवाज उठे पनि मुख्य राजनीतिक दलहरूबीचको खिचातानीले यो प्रक्रिया विलम्ब हुन पुगेको हो । दुवै आयोगमा पदाधिकारी छनोटको प्रक्रिया अगाडि बढेसँगै पीडितमा न्यायको आशा जगाएको छ ।

तर आयोगमा नियुक्त हुने पदाधिकारी कस्ता हुने हुन् भन्ने आशंका कायमै छ । राजनीतिक भागबण्डामा पदाधिकारी छनोट भए निष्पक्षरूपमा न्याय निरूपणको काम नहुने निश्चित छ । जसले गर्दा आयोगमा दलीय आवरण र स्वार्थ बोकेका नभई निष्पक्ष, स्वतन्त्र र सक्षम व्यक्तिलाई ल्याउनुपर्ने सरोकारवालाहरूको माग रहेको छ । यो माग अत्यन्त जायज छ । किनकि जब स्वतन्त्र र निष्पक्ष व्यक्तिले आयोगमा काम गर्छ, तब त्यसको विश्वसनीयता बढ्छ । राजनीतिक दल आबद्ध व्यक्तिले आयोगको नेतृत्व गरी त्यसबाट गरेका निर्णयहरू विश्वसनीय हुनै सक्दैन । जसले द्वन्द्वपीडितलाई न्याय दिनेभन्दा पनि थप पीडा दिने काम हुने छ ।

पीडितलाई न्यायको पर्खाइ लामो भइसकेको छ । यो सबैले महसुस गरिसकेको विषय हो । सिफारिस समितिले राजनीतिक हस्तक्षेपविना काम गर्न ध्यान दिनुपर्छ । किनभने, यो कसैलाई जागिर खुवाउने ठाउँ होइन । शान्ति प्रक्रियाका अधुरा काम पूरा गर्ने, पीडितलाई न्याय दिलाउने महत्त्वपूर्ण जिम्मेवारी बोकेको संस्था हो । त्यसैले आयोग हुने काम कारबाही र निर्णय पूर्ण विश्वसनीय बनाउनेगरी निष्पक्ष, स्वतन्त्र र सक्षम व्यक्तिलाई पदाधिकारी बनाउन सिफारिस समिति चुक्नु हुँदैन । यसमा सबैले खबरदारी गरौं ।

# वित्तीय साक्षरता र गरिबीको सम्बन्ध



■ अचुतकुमार ओझा

आर्थिक स्वतन्त्रताको दृष्टिकोणले हेर्ने हो भने जबसम्म ज्ञानको चक्र तोडेर कर्ममा रूपान्तरण गरिँदैन तबसम्म त्यो ज्ञान लाखौंपटक सिके पनि मानिस त्यही स्थानमा हुने छ, जुन स्थानमा ऊ ज्ञान लिनुभन्दा अगाडि थियो । त्यसैले तपाईंको सफलता कति पटक पढ्नुभयो, ज्ञान लिनुभयो वा सिक्नुभयोमा मात्रै निर्भर नभई त्यो ज्ञानलाई आफ्नो व्यवहारमा कति खरो ढंगले उतार्नुभयो कि भएन त्यसमा भर गर्छ । जब वित्तीय ज्ञान व्यक्तिले पाउँछ ऊ ज्ञानी त होला तर उसले त्यसलाई अभ्यासमा ल्याएन वा ल्याउन सकेन भने ऊ धनी हुन सक्दैन । यसैले मानिस वित्तीय ज्ञान भएर पनि गरिब हुने गर्छ ।

वित्तीय साक्षता कार्यक्रमहरूमा आजकल केही चल्तीका प्रश्नहरूमा छलफल हुने गरेको पाइन्छ । के कुनै पनि व्यक्तिसँग वित्तीय शिक्षा पर्याप्त छ भने ऊ धनी हुन्छ ? वित्तीय रूपमा साक्षर हुनु सम्पत्तिको मालिकका लागि हकदार हुनु हो ? वित्तीय साक्षरता भएर पनि मान्छे किन गरिब हुन्छ ? वित्तीय साक्षरताले भरिएकाहरू किन सीमित साधन स्रोतले आफ्नो जीविका धान्न बाध्य छन् ? स्वयं साक्षरता सिकाउने व्यक्ति स्वतन्त्र छैन भने सिक्ने व्यक्ति स्वतन्त्र हुन सम्भव छ ? त्यसो हो भने केका लागि वित्तीय साक्षरता सिक्न आवश्यक छ ? यस्ता प्रश्नहरूलाई एक ठाउँमा राखेर हेर्दा आर्थिक स्वतन्त्रताको पहिलो पाइला वित्तीय साक्षरता हो तर यो पूर्ण र अन्तिम होइन भन्न सकिन्छ । यसैले भनिन्छ धनको नियम नै सपना, साक्षरता, संकल्प र संघर्ष हो ।

मानिसले वित्तीय साक्षरताको माध्यमबाट सम्पन्नतासम्म पुग्ने बाटो पहिचान गर्न सक्छ तर बाटोको यात्रा यतिले मात्रै पूरा हुन सक्दैन । यसका लागि मार्गमा हिँड्नुपर्छ, हिँड्ने तयारी गरेर मात्रै गन्तव्यमा पुग्न सकिँदैन । केवल ज्ञानले मात्रै पुग्दैन, सँगसँगै अभ्यासमा जान नसक्ने हो भने मानिस वित्तीय ज्ञानी हुनसक्छ तर स्वतन्त्र हुन सक्दैन । हरेक ज्ञानलाई जबसम्म कार्यमा बदल्ने हिम्मत रहँदैन त्यो ज्ञानको कुनै अर्थ रहँदैन, त्यसले कुनै लक्ष्य भेट्न सक्दैन, त्यसले जीवनमा कुनै उपलब्धि ल्याउन सक्दैन । हामीले बुझ्नुपर्ने कुरा के हो भने कयौं शिक्षकले ज्ञान दिन्छन् त्यसलाई ऊ आफैं कार्यमा रूपान्तरण गर्न लागि पर्दैन तर एउटा विद्यार्थी त्यही शिक्षकबाट प्राप्त ज्ञानलाई बजारको समस्या समधान गर्नका लागि कार्यमा रूपान्तरण गर्ने आँट गर्छ तब ऊ सफल भएर निस्कन सक्छ । तपाईं आर्थिक समृद्धि नभएका ज्ञान भएका व्यक्तिबाट नै शिक्षा लिएर त्यसलाई आयमा बदल्न थाल्नुभयो भने हो शिक्षा दिने व्यक्तिले स्वतन्त्रता नपाए पनि तपाईंको आर्थिक स्वतन्त्रता कसैले रोक्न सक्दैन ।

वित्तीय ज्ञान हुनेबित्तिकै आर्थिक स्वतन्त्रता सम्भव छैन तर स्वतन्त्रताका लागि बन्द रहेका ढोका ढकढकाउने एउटै उपाय हो वित्तीय साक्षरता । तसर्थ वित्तीय साक्षरता भएर पनि मान्छे गरिब हुने गर्छ । मानिसभित्र रहने निम्न केही पक्षहरूले नै मानिस धनी वा गरिब हुने गर्दछ ।

अभ्यासः आर्थिक स्वतन्त्रताको दृष्टिकोणले हेर्ने हो भने जबसम्म ज्ञानको चक्र तोडेर कर्ममा रूपान्तरण गरिँदैन तबसम्म त्यो ज्ञान लाखौंपटक सिके पनि मानिस त्यही स्थानमा हुने छ, जुन स्थानमा ऊ ज्ञान लिनुभन्दा अगाडि थियो । त्यसैले तपाईंको सफलता कति पटक पढ्नुभयो, ज्ञान लिनुभयो वा सिक्नुभयोमा मात्रै निर्भर नभई त्यो ज्ञानलाई आफ्नो व्यवहारमा कति खरो ढंगले उतार्नुभयो कि भएन त्यसमा भर गर्छ । जब वित्तीय ज्ञान व्यक्तिले पाउँछ ऊ ज्ञानी त होला तर उसले त्यसलाई अभ्यासमा ल्याएन वा ल्याउन सकेन भने ऊ धनी हुन सक्दैन । यसैले मानिस वित्तीय ज्ञान भएर पनि गरिब हुने गर्छ । उदाहरणको रूपमा, एउटा व्यक्तिले पौडी खेल्ने सम्पूर्ण सैद्धान्तिक ज्ञान पटक-पटक लिन्छ तर ऊ कहिले पौडी खेल्न अभ्यास गर्दैन भने के उसलाई कुनै खोलामा लगेर छोडिदिने हो भने पारि किनारामा पुग्न सम्भव छैन । हो वित्तीय साक्षरताले पनि मानिसलाई धनी हुनका लागि सिद्धान्त सिकाउँछ । यदि त्यसलाई अभ्यासमा ल्याउन नसक्ने हो भने मान्छे धनी हुन सक्दैन, त्यही पौडीबाजजस्तै हुने छ । जबसम्म वित्तीय ज्ञानलाई अभ्यासमा रूपान्तरण गरिँदैन तबसम्म मान्छे गरिब नै रहन्छ ।

डरः रोबर्टी कियोसाकीले 'धनी बुबा गरिब बुबा' पुस्तकमा भनेजस्तै हरेक व्यक्तिको मनभित्र डररूपी चल्ला हुने गर्छ । आर्थिक निर्णय गर्दैगर्दा मान्छेले परिवार, आफ्नो भविष्य, समाजको दबाब, प्रतिस्पर्धा, आफन्तको सुझाव, आफ्ना मूल्य, मान्यता र जिम्मेवारीका कारण जोखिम भएभन्दा बढी असुरक्षित महसुस गर्छ । यही डरका कारण मानिससँग वित्तीय ज्ञान भएर पनि प्रतिफलका लागि जोखिम बहन गर्न डराउँछ र उसले त्यो कारोबार नै गर्दैन, जसले उसलाई भविष्यमा आर्थिक स्वतन्त्रता दिनसक्ने थियो । उसले हरेक क्रियाकलापमा नकारात्मकता पाउँछ, घाटा देख्छ, प्रतिस्पर्धी आफूभन्दा बलियो रहेको ठान्छ, आफू प्रतिस्पर्धा गर्न असक्षम भएको महसुस गर्छ, बजारमा टिक्नै नसक्ने कमजोर ठान्छ । यसले गर्दा कतै आफ्नो मूल धन नै गुम्ने त होइन, फलानो बिग्रेको, ढिस्कानो ओरालो लागेको जस्ता उदाहरण लिँदै आफ्नो हुँदाखाँदाको सहज जीवन कतै नबिग्रियोस् बरु यति नै ठीक छ भन्ने डरका कारण जब वित्तीय ज्ञान भएर पनि मानिस आफ्ना सीमित कर्ममा खुम्चन चाहन्छ । त्यस्तो डरका कारण वित्तीय ज्ञान भएर पनि मान्छे गरिब हुनसक्छ ।

लोभः हरेक व्यक्तिमा आशा र लोभ हुने गर्छ । भलै कसैमा बढी होला, कसैमा कम हुने गर्छ तर प्रत्येक व्यक्तिभित्र लोभ छ भन्दा अन्यथा नरहला । जब मानिसहरूमा अत्यधिक लोभको मात्रा देखिन थाल्छ, तब उसले आफूले गरेका कारोबारहरूमा अझै मुनाफा हुने उच्च विश्वास राख्छ । यस्तो विश्वास तबसम्म भइरहन्छ, ऊसँग अझै धेरै कमाउने लोभ भइरहन्छ । यसले गर्दा ऊ आफूले खरिद गरेका वस्तुहरू बिक्री गर्न चाहँदैन । जब वस्तुको मूल्यले एउटा स्तर छुन्छ र फेरि ओरालो लाग्छ, त्यस समयमा यस्ता व्यक्तिहरू त्यसरी झरेको मूल्यबाट फर्किएर पहिला पुगेको उच्च बिन्दुमा पुग्यो भने बिक्री गर्ने सोचमा पुग्छन् । त्यसपछि यथार्थमा बजारमा कारोबारको मूल्य बढ्न खोजेको जस्तो देखिन्छ तर पहिलाको उच्चबिन्दुलाई भेट्न सक्दैन र त्यसैबाट तलतिर झर्न थाल्छ, तब वित्तीय साक्षरता भएर पनि आफूभित्रको लोभलाई नियन्त्रण गर्न नसक्दा यस्ता लगानीकर्ताहरू फेरि घाटामा बिक्री गर्न बाध्य हुन्छन् । यिनीहरूमा जब बजारमा मूल्य घट्न थाल्छ र पिँधमा आइपुग्छ अब कहिले बजार सुधार हुन सक्दैन भन्ने अत्यास देखापर्छ । तब आफ्नो सम्पत्ति कम मूल्यमा बेचबिखन गर्न तयार हुन्छन् । अब कहिले बजारमा नजाने भित्रभित्रै वाचा गर्छन् र घाटालाई स्वीकार्दै आफैंलाई धिक्कार्ने गरेको देखिन्छ । यसैले वित्तीय साक्षरता भएर पनि यस्ता मानिसहरू बढी लोभी हुँदा गरिब नै हुने गर्छन् ।

अनुशासनः कुनै व्यक्तिलाई हरेक दिन आफ्नो खातामा ५० रूपैयाँ राखेर वर्षमा १८ हजार २५० रूपैयाँ प्रिमियमको इन्स्योरेन्स गर्नु भन्यो भने कति जना तयार होलान् ? वा वार्षिक २२ हजार रूपैयाँ प्रिमियम पर्ने तिरेर त्यही किन्न सक्नुहुने छ भनियो भने मानिसले कुन स्किम छनोट गर्छ होला ? केही घाटा नै भए पनि सजिलै अनुमान लगाउन सकिन्छ दोस्रो योजना छान्ने छ । पहिलो योजनाका लागि दोस्रोमा भन्दा बढी अनुशासनको जरुरी छ तर तीन हजार ७५० रूपैयाँको फाइदा छ । मानिसले त्यो फाइदा थाहा पाएर पनि किन त्यसो गर्न चाहँदैन ? कारण एउटै छ मानिसले नाफाघाटा थाहा पाएर पनि ऊ आफू अनुशासनमा रहन नसक्दा महँगो खरिद गर्न तयार हुन्छ । मानौं कुनै खुत्रुकेमा दैनिक एक रूपैयाँका दरले ३६५ दिन ३६५ रूपैयाँ जम्मा गर्नुहोस् भन्यो भने कति तयार हुन्छौं । हो अनुशासन भनेको यही हो । हरेक व्यक्ति एकैपटक ३६५ रूपैयाँ हालेर खुत्रुके भर्न सक्छ तर प्रत्येक दिन एक रूपैयाँ हालेर ३६५ रूपैयाँ जम्मा गर्न सक्दैन । वित्तीय ज्ञान भएका व्यक्तिहरूसँग पनि लामो समयसम्मका लागि अनुशासन हुन नसक्दा लगानी गुम्ने गरेका छन् ।

धैर्यताः भगवान् बुद्धले भन्नुभएको छ, 'समय सधैं यस्तो रहने छैन ।' यसको अर्थ आर्थिक कारोबारमा हेर्ने हो भने मूल्य बढेपछि घट्नुपर्छ र घटेपछि बढ्नुपर्छ अर्थात् नाफा भएपछि घाटा पनि हुने गर्छ र घाटा भएपछि फेरि नाफा हुन थाल्ने छ तर त्यो कति समयमा फेरबदल हुनसक्छ कसैले भन्न सक्दैन, हुनलाई बुद्धले भनेजस्तै पक्का हुने छ । यसैले हामीले देखाउने प्रतिक्रियाका कारण हाम्रा आर्थिक क्रियाकलापहरूले सही वा गलत परिणाम दिन मद्दत गर्छ । तर, हाम्रा एकल गतिविधिमा मात्रै यस्ता नतिजा निर्भर नगरी कयौंपटक अन्य व्यक्तिका कार्यहरूले समेत प्रभाव पार्न सक्छ । तसर्थ, लगानीमा छिटो र छोटो बाटोबाट सफलता खोज्ने दुस्साहस गर्दा दुर्घटनामा पर्न सकिने जोखिम धेरै रहने गर्छ । मान्छेमा वित्तीय ज्ञान भएर मात्रै पुग्दैन, धैर्यता नहुने हो भने मुनाफा प्राप्ति गर्न चुनौतीपूर्ण बन्छ ।

विश्वका धनीमध्येका एक वारेन्ट बफेटलाई हेर्ने हो भने उनले १० वर्षको उमेरदेखि सुरुआत गरेको लगानी हाल ९२ वर्षको उमेरसम्म नै चलिरहेको छ । यही धैर्यता र निरन्तरताले उनलाई धनी बन्न सहयोग गर्‍यो तर त्यसो नगरी उनले ६० वर्षको उमेरमा लगानीबाट निवृत्त भएका भए विश्वको धनी हुन सम्भव थिएन । बफेटले वार्षिक २२ प्रतिशत प्रतिफल निकाल्ने गरेका छन् । विश्वमा के उनलेभन्दा बढी प्रतिफल प्राप्त गर्ने अन्य लगानीकर्ता छैनन् त ? पक्कै छन् । उदाहरणको रूपमा, हेज फण्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सलाई लिन सकिन्छ ।

उनले वार्षिक ६६ प्रतिशत प्रतिफल निकाल्ने गरेका छन् तर ती लगानीकर्ता किन बफेटजति धनी हुन सकेनन् ? यसको एउटै कारण हो, बफेटले लगानीमा धैर्यता राखे, निरन्तरता दिए तर ती लगानीकर्ताले ढिलो सुरुआत गरेर छिटो निवृत्त भए, बफेटलेजस्तो धैर्यता राख्न सकेनन् । त्यसकारण बफेटको भन्दा उच्च प्रतिफल पाएर पनि ती लगानीकर्ताले उनलाई भेट्न सकेका छैनन् । तसर्थ वित्तीय ज्ञान भएता पनि धैर्यता हुन नसक्ने हो भने मानिस गरिब हुनसक्छ । मानिस धनी हुनका लागि अर्थशास्त्रका सैद्धान्तिक सिद्धान्तहरूले मात्रै पुग्दैन, यसका सामान्य मान्यताहरूलाई पनि बुझ्न आवश्यक छ । *रासस*

*(लेखक सेयरबजारका जानकार हुन्)*

## मननयोग्य

### चाणक्य नीति

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

## पत्र-मञ्जुषा

### पीडामा सहकारीपीडित, आफ्नालाई जोगाउँदै सरकार

मानिसको आँखाबाट तब आँशु झर्छ, जब उसको कोही आफन्त वा परिवारजनको मृत्यु हुन्छ वा ऊ धेरै पीडामा हुन्छ । पछिल्लो समय बाटोमा जुत्ता सिलाउनेदेखि मकै पोल्ने, साग बेच्ने, चटपट बेच्नेसँग सहकारीको कुरा गर्नेबित्तिकै उनीहरू आँखाबाट आँशु झार्छन् । कोही रुन थाल्छन् त कोही अँध्यारो अनुहार लगाएर बोल्दैनन् ।

देशभर ३५ हजारभन्दा बढी सहकारी दर्तामा रहेका छन् । यी सहकारीमध्ये आधाभन्दा बढी भागिसकेका छन् । नभागेका सहकारी पनि डुबेका छन् । बचतकर्ताको रकम फिर्ता गर्न सकेका छैनन् । सहकारीमा करोडौं बचतकर्ताले निक्षेप राखेका थिए । तर, सहकारी रातारात भागेपछि उनीहरूको रुवाबासी भएको छ । सहकारीमा एकै व्यक्तिको एक लाखदेखि करोडौं डुबेको छ ।

अर्काको घरमा भाडा माझ्नेदेखि ज्यालादारी गर्ने, व्यापार व्यवसाय गर्नेहरूले सहकारीमा खाइनखाई बचत गरेका छन् । अहिले सहकारी भाग्दा उनीहरूको बिल्लीवाठ भएको छ । 'खाना साँच्यो अरुलाई, काम साँच्यो आफैंलाई' भनेझैं मानिसहरूले खाइनखाई आपत्‌विपत्‌मा काम लाग्छ भनी सहकारीमा निक्षेप राखे । तर, सञ्चालक र अध्यक्षहरू एकाएक भागेपछि अहिले त्यही रकमका कारण मर्नु कि बाँच्नु अवस्थामा पुगिएको छ ।

आफ्नो पुर्ख्यौली सम्पत्ति बेचेर, विदेशमा वर्षौं रगतपसिना बगाएर कमाएको वा स्वदेशमै दिनरात काम गरी कमाएको रकम मानिसहरूले सहकारीमा राखेका थिए । सहकारीका अध्यक्ष, सञ्चालक र कर्मचारीहरूले आमसर्वसाधारणलाई बढी ब्याजको प्रलोभन देखाए । उनीहरूले निक्षेपको २२ प्रतिशतसम्म ब्याज दिने भन्दै रकम ताने । यसरी ब्याजको प्रलोभनमा परेर मानिसहरूले लाखदेखि करोडौं राखे ।

अहिले त्यो रकम डुब्दा कतिपयले सहन नसकेर आत्महत्यासमेत गरेका छन् । कतिपय भने डिप्रेसनमा गएका छन् । सहकारी भाग्दा वा निक्षेप फिर्ता नगरिदिँदा कतिपय बचतकर्ताको त उपचार गर्ने पैसा नभएर ज्यानै गएको छ । सहकारीले एक-दुई जनाको मात्र बिचल्ली बनाएको छैन । करोडौं सर्वसाधारणलाई घर न घाटको अवस्थामा पुर्‍याएको छ ।

राजनीतिक दलहरूले 'टोलटोलमा सहकारी, घरघरमा धानको भकारी' भनेर नारा लगाए । आज त्यही सहकारीले सर्वसाधारणलाई मर्नु कि बाँच्नु अवस्थामा पुर्‍याएको छ । केही वर्ष अघिसम्म म्यानपावर, कन्सलटेन्सी ठग, चोर भनिन्थ्यो । तर, अहिले त सहकारी संस्थालाई महाठग भन्न थालिएको छ । यस्तो हुँदासमेत सहकारीमन्त्री बलराम अधिकारी र सहकारी विभागका महानिर्देशक पिताम्बर घिमिरे सहकारीमा पैसा नराख्नूस् भनेर सार्वजनिक सूचना निकाल्दैनन् ।

यता, प्रदेश तथा स्थानीय सरकार पनि सहकारीमा निक्षेप नराख्न आमसर्वसाधारणलाई सचेत गराउँदैनन् । विज्ञापन बोर्ड पनि आमनागरिकलाई सचेत गराउँदैन । अहिले जनता भन्छन्, 'सञ्चारकर्मीहरूले हामी थप डुब्नबाट जोगाए । उनीहरूले सहकारी डुब्दैछ भनेर बेलैमा सचेत गराए । जसले डुब्ने त डुबिहाले तर नडुबेकाहरू पनि डुब्नबाट बचे,' पीडितहरू बताउँछन् । जनता सरकारभन्दा सञ्चार माध्यममाथि बढी विश्वास गर्छन् । किनकि मिडिया भनेको जनतालाई ऐना देखाउने एउटा माध्यम पनि हो । यदि मिडियाले बेलैमा सहकारीबारे नागरिकलाई सचेत नगराएको भए आज देशभरका जनता सहकारी पीडित हुन्थे । अहिलेभन्दा कयौं गुणा बढी जनता सहकारीबाट पीडित हुन्थे । यद्यपि, मिडियाको खबरदारीका कारण अरु करोडौं जनता डुब्नबाट जोगिए ।

सरकारमा बसेकाहरू अहिले पनि सहकारी ठीकठाक रहेको ठोकुवा गर्छन् । उनीहरू सहकारीले यत्रो सर्वसाधारणको बिचल्ली बनाएको देख्दैनन् । देख्नु पनि त कसरी सहकारीमार्फत जनता डुबाउनुमा सरकार र राजनीतिक दलहरूकै त हात छ ! यिनीहरूकै मिलेमतोमा सीधासाधी जनतालाई सहकारीमार्फत फसाइएको हो । मुलुकको आधाभन्दा बढी सहकारीमा नेता तथा कर्मचारीको लगानी गरेको भेटिएको छ । दलका एकपछि अर्को नेता सहकारी ठगीमा मुछिएका छन् ।

सरकार पनि आफ्नालाई जोगाउने खेलमा छ । प्रधानमन्त्री केपी शर्मा ओली आफ्ना पार्टीका नेताले सहकारीमार्फत जतिसुकै जनता ठगे पनि केही गर्दैनन् । उनी जनताप्रति न जवाफदेही छन् न जिम्मेवार । सरकार बचतकर्ताको निक्षेप फिर्ता नगर्ने सहकारी सञ्चालक, अध्यक्षहरूलाई कारबाही गर्दैन । जसले उनीहरूको मनोबल झनै बढेको छ ।

– रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पुर्ख्यौली पेसाप्रति जलारी युवाको घट्दो रूचि



■ जमुना वर्षा शर्मा

**पोखरा–** फेवातालको किनारमा रहेका जलारी समुदायका लागि माछा मार्ने पेसा पुर्ख्यौली परम्परामात्र होइन, जीविकोपार्जनको आधार पनि हो। तर, अहिलेका जलारी युवाहरूको रुचि भने पुर्ख्यौली पेसाभन्दा वैकल्पिक पेसा एवं रोजगारीतर्फ आकर्षित हुन थालेको छ। जलारी पोखराको फेवाताल आसपास बसोबास गर्दै आएको परम्परागत माछा मार्ने समुदाय हो । उनीहरूले आफ्नो मुख्य पुर्ख्यौली पेसा माछा मारेर र बेचेर जीविकोपार्जन गर्दै आइरहे पनि माछा उत्पादनमा आएको कमी, बजार व्यवस्थापनमा चुनौती र आधुनिक जीवनशैलीप्रतिको आकर्षणले यो समुदायको युवाले पुर्ख्यौली पेसाप्रति कम रुचि देखाउन थालेका हुन् ।

जलारी मत्स्य सहकारी संघका अध्यक्ष ज्ञानबहादुर जलारीले परिवर्तित समयसँगै जलारी युवा पनि अन्य क्षेत्रतर्फ आकर्षित हुँदै गएको बताए । 'अहिलेका युवाहरू पढेलेखेको र यो बाहेकका पेसामा पनि आफ्नो भविष्य देख्न थालेपछि उनीहरूको पुर्ख्यौली पेसामा सीमित हुन चाहेका छैनन्, अर्कोतर्फ तालमा माछा उत्पादन घट्दै जान थालेपछि जीविकोपार्जनमा पनि समस्या हुन थाल्यो,' उनले भने ।

आफ्नो परम्परा र पुर्ख्यौली पेसामा नै आफ्नो समुदायका लागे हुन्थ्यो भन्ने लागे पनि पुस्ता हस्तान्तरण गरेर यसमा टिकाउन त्यति सहज नभएको उनको भनाइ छ । 'आजका युवाहरूमा पुर्ख्यौली पेसाप्रति एक प्रकारको उदासिनता छ। तालको वातावरणीय संकट र पेसाबाट आउने आर्थिक समस्याका कारण उनीहरूले पुर्ख्यौली पेसामा रुचि देखाउन छाडेका छन्,' ज्ञानबहादुरले भने । जलारी समुदायलाई पेसामा टिकाइराख्नका लागि राज्यस्तरबाटै व्यावसायिक प्रविधिको प्रयोग, ताल संरक्षण र सहकारीले माछा उत्पादनमा लगानी गर्नसक्ने दीर्घकालीन योजना आवश्यक रहेको उनको भनाइ छ । 'युवा पुस्तालाई ताल र समुदायसँग जोड्न तालको दिगो व्यवस्थापन र आर्थिकरूपमा लाभप्रद बनाउनेतर्फ ध्यान दिन सकिएमा मात्र यो पेसा दिगो रूपमा बचाउन सकिन्छ,' उनले भने ।

फेवाताल किनारमै जन्मे हुर्केर बाबुबाजेसँगै माछा मार्ने पेसालाई नजिकबाट नियालिरहेका २० वर्षीय राजीव जलारी अहिले वैदेशिक रोजगारीको तयारीमा छन् । 'मेरै बुबा-हजुरबुबाको पुर्ख्यौली पेसा भए पनि म यसमा राम्रो भविष्य देख्दिन, यो हाम्रो पुर्ख्यौली पेसा हो, माछा मारेर हाम्रो परिवारले पुस्तौंदेखि जीविकोपार्जन गऱ्यो तर अहिले म यसमा भविष्य नदेखेर विदेश जाने तयारीमा छु,' राजीव भन्छन्, 'माछा घट्दै गएको छ, ताल प्रदूषित छ, अनि तालमै निर्भर हाम्रो समुदाय आर्थिकरूपमा सक्षम हुन सकेको छैन, पेसालाई निरन्तरता मात्र दिने कि सुरक्षित भविष्य पनि हेर्ने ?'

उनी थप्छन्, 'हामीजस्तै धेरै जलारी युवा वैकल्पिक पेसा खोज्दै छौं, यदि तालको संरक्षण, माछा उत्पादनमा वृद्धि र आधुनिक प्रविधिसँग युवालाई जोड्ने हो भने सायद हामीले पनि यो पेसा गर्वका साथ अगाल्न सक्थ्यौं तर अहिलेलाई यो पेसा जारी राख्न सक्ने आधार गुम्दै छन् । गुजारा टार्ने काम मात्र भएको छ । यही परिस्थितिले गर्दा मैले विकल्प खोज्न थालेको हुँ ।'

हर्पन फेवा मत्स्य सहकारी संस्थाका पूर्वअध्यक्ष एवं साइनो किचनका सञ्चालक शैलेन्द्र जलारीले आफ्नो समुदायको परम्परागत पेसालाई निरन्तरता दिन खोजे पनि आउने पुस्ताले रुचि देखाउन छाडेको बताए । 'पुर्ख्यौली पेसाप्रति हाम्रो अगाध प्रेम र लगाव छ तर तालको संरक्षण र माछा उत्पादन बढाउन ठोस कदम नहुँदा वैकल्पिक पेसातर्फ युवाको आकर्षण बढ्न थालेको छ,' उनले भने ।

शैलेन्द्रले समुदायको पेसालाई जोगाउन सरकारी तथा गैरसरकारी निकायबाट ताल संरक्षण र माछा उत्पादनको दीर्घकालीन योजना बनाइनुपर्नेमा जोड दिए । माछा उत्पादन बढाउन पोखरा महानगरपालिका र अन्य केही संस्थाले प्रयास गरे पनि ती प्रयास प्रभावकारी हुन नसकेको उनको भनाइ छ । 'तालमा माछाका भुरा छोड्न केही प्रयास भए पनि समुदायले व्यावसायिकरूपमा माछा उत्पादनको विकास गर्न पर्याप्त स्रोत र सीप पाएका छैनन्। यो पेसा दिगो रहनका लागि व्यावसायिक उत्पादन, तालको उचित संरक्षण र प्रविधिगत सुधार आवश्यक हुन्छ,' शैलेन्द्रले बताए । जलारी समुदायको परम्परागत पेसा जोगाउन जैविक विविधता, आर्थिक स्थायित्व र ताल संरक्षणका लागि दीर्घकालीन समाधान रणनीति आवश्यक रहेको उनको भनाइ छ ।

फेवातालमा परम्परागत माछा मार्ने पेसा कठिनाइसँग जुधिरहेको बताउँछन् स्थानीय राजु जलारी । 'मैले छ/सात वर्षदेखि माछा मार्न छोडेको छु । अहिले माछा खरिद गरेर बिक्रीवितरण गर्दै छु तर तालमा माछा उत्पादन घट्दा यो व्यवसाय गर्न पनि अझै गाह्रो हुँदै गएको छ,' उनले भने । उनका अनुसार कुनै समय दिनमै १५० किलो माछा मारेको अनुभव छ तर अहिले मुस्किलले एक/दुई किलो मार्न पनि समस्या छ । 'माछा उत्पादन घट्न थालेको छ, माछाका भुरा बगाउने समस्या पनि उस्तै छ । तालछेउमा बसेर तराईबाट माछा ल्याएर बेच्नुपर्ने अवस्था आउनु भनेको दुःखद् हो, हाम्रो समुदायको भविष्य नै अन्योल छ ।'

उनले आफ्नो २० वर्षीय छोराले पनि पुर्ख्यौली पेसामा भविष्य नदेखेपछि विदेश जान तयारीमा रहेको बताए । 'आर्थिकरूपमा सुरक्षित भविष्य नदेखेपछि नयाँ पुस्ताले वैकल्पिक पेसा रोज्न थालेका छन्, योसँगै जलारी समुदायको परम्परागत पहिचान हराउने खतरा पनि बढेको छ,' उनले भने । आफ्नो पुर्ख्यौली पेसालाई आत्मसम्मानका साथ निरन्तरता दिन चाहे पनि पछिल्लो समय धेरै चुनौती थपिएको राजुको भनाइ छ ।

नयाँ प्रविधि र व्यावसायिक दृष्टिकोणबाट माछापालनलाई मजबुत बनाउन सकेमा जलारी समुदायको परम्परागत पेसा बच्ने र आत्मसम्मानका साथ नयाँ पुस्ताले अँगाल्ने उनले बताए । प्राकृतिकरूपमा माछा उत्पादन गर्ने क्षमतामा आएको कमी, वातावरणीय असन्तुलन, प्रदूषण यसका प्रमुख कारण हुन् । यसले गर्दा माछा मार्ने पेसाबाट निरन्तरता नपाइने भएकाले नयाँ पुस्ताका लागि यो पेसा आकर्षक नरहेको उनको बुझाइ छ ।

मत्स्य अनुसन्धान केन्द्र, पोखराका वरिष्ठ वैज्ञानिक डा. मोहम्मद अकबाल हुसेनले जलारी समुदायका युवाको अन्य पेसा व्यवसायप्रति रुचि बढ्नु स्वाभाविक भए पनि परम्परागत माछापालनलाई आधुनिक र व्यावसायिक बनाउन सकेमा युवाहरू पुनः यस पेसातर्फ आकर्षित गराउन सकिने बताए । 'जलारी समुदायको हितका लागि आधुनिक सीप र प्रविधि आवश्यक छ, परम्परा र आधुनिकतालाई समन्वय गरेर आर्थिक सशक्तीकरणसँगै दिगोपना खोज्न नयाँ पुस्तालाई परम्परागत पेसाप्रति सकारात्मक दृष्टिकोण बनाउनुपर्छ,' उनले भने ।

डा. हुसेनले पोखरा तालैतालको सहर भएकाले माछापालनबाटै आर्थिक निर्भर हुनसक्ने प्रशस्त आधार रहेको जनाउँदै जलारी समुदायको पुर्ख्यौली ज्ञान र सीपलाई नयाँ पुस्तामा जोड्न सके सम्भावना रहेको बताए। उनका अनुसार अहिले पोखराका फेवाताल, बेगनाताल र रूपातालबाट वार्षिक १२० मेट्रिक टन माछा उत्पादन हुन्छ तर बजारको माग ३०० मेट्रिक टनभन्दा बढी छ । जलारी समुदायको संरक्षणका लागि केन्द्रले माछाका भुरा छोड्ने र माछा पालनसम्बन्धी आवश्यक सरसल्लाहका साथै तालिम पनि प्रदान गर्दै आएको छ । डा. हुसेनले पछिल्लो समय स्वास्थ्यका दृष्टिले पनि माछा राम्रो मानिएकाले स्थानीय तालको माछाप्रति ग्राहकको रुचि बढेसँगै माग पनि बढेको बताए ।

फेवातालको सौन्दर्य र जैविक विविधतासँगै जलारी समुदायको माछा मार्ने पेसा तालको सांस्कृतिक सम्पदासँग गहिरोरूपमा जोडिए पनि यो पेसामा नयाँ युवाको रुचि कम देखिएको बताउँछन् पोखरा पर्यटन परिषद्का उपाध्यक्ष एवं पर्यटन व्यवसायी हरि भुजेल । उनी जलारी समुदायको दीर्घकालीन सुदृढीकरणका लागि ताल संरक्षण, माछा उत्पादनमा वृद्धि, र युवा पुस्तालाई आकर्षित गर्ने नयाँ रणनीति आवश्यक रहेको बताउँछन् । पोखरा महानगर आर्थिक महाशाखा प्रमुख मनहर कडरियाले जलारी समुदायको पुर्ख्यौली पेसा संरक्षण र उनीहरूको जीवनस्तर उकास्न महानगर तयार रहेको बताए ।

उनी भन्छन्, 'जलारी समुदायका युवा पुस्ताको रुचि बढाउन र आवश्यक सीपका लागि तालिमको आवश्यकता समुदायले गरेमा महानगर साझेदारी गर्न तयार छ ।' युवा पुस्तालाई तालसँग जोड्न माछा उत्पादन बढाउन, ताल संरक्षणमा ध्यान दिन र आधुनिक तरिकाबाट आर्थिकरूपमा लाभप्रद बनाउने उपायहरूको खोजी नै उत्तम विकल्प हुनसक्ने उनको भनाइ छ। अहिले फेवातालमा माछा मारेर जीविकोपार्जन गर्दै आउने करिब १०० घरधुरी जलारी छन्। पोखरा महानगरले जलारी समुदायलाई माछा मार्न अनुमतिपत्र प्रदान गरेको छ । तोकिएको स्थानमा जलारी समुदायले माछा मार्दै आएका छन् । *रासस*

# राप्तीका भूमिहीनलाई पहिचानपत्र वितरण

■ प्रभाव संवाददाता

**चितवन–** राप्ती नगरपालिकाले ऐलानी जग्गाको पहिचानपत्र वितरण गरेको छ। नगरपालिकाले शनिबार एक कार्यक्रम आयोजना गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई ऐलानी जग्गाको पहिचानपत्र वितरण गरेको हो ।



नगरको वडा नम्बर ७ मा रहेको सिमलवस्तीका १४ परिवारलाई पहिचानपत्र वितरण गरिएको नगरपालिकाले जानकारी दिएको छ। तत्कालीन भूमि आयोगले नापजाँच गरेका राप्तीका विभिन्न जग्गाको ऐलानी पहिचानपत्र निर्माण भएका छन् । राप्तीको वडा नं. ११, २, ३ र ७ का अधिकांश जग्गा नाँपजाँच भएको सो जग्गाको पहिचानपत्र बनेको हो ।

राप्तीमा १३ हजारभन्दा बढी नागरिकको पहिचानपत्र बनिरहेको राप्ती नगरपालिकाका प्रमुख शमशेर लामाले बताए । उनका अनुसार पहिचानपत्र पाउनेमा अधिकांश भूमिहीन सुकुम्बासी, त्यसपछि दलित र अव्यवस्थित बसोबासी रहेको बताए । 'अहिले राप्ती-११ को धेरै ठाउँको जग्गा नापजाँच भएका छन् । त्यसको रातो पुर्जाका लागि हामीले आयोगमा पठाएका हौं तर आयोग नै खारेज भएपछि कामले निरन्तरता पाउन सकेन,' उनले भने ।

वडा नम्बर ७ मा पनि कार्यपालिकाको निर्णयअनुसार नै धेरै काम सम्पन्न भएको नगरप्रमुख लामाले बताए । वडा नम्बर ३ र २ पनि अहिले आयोगले निर्णय गरेको छ । राप्तीले आफ्नो स्रोत र साधन प्रयोग गरेर अहिले पनि वडा नम्बर ५ र १ को जग्गा नापजाँच गरिरहेको नगरप्रमुख लामाले जानकारी दिए । यसलाई वैधानिकताका लागि आवश्यक तयारी भएको उनले बताए ।

नगरप्रमुख लामाका अनुसार रातो पुर्जाको अन्तिम चरणमा पालिका रहेको छ । 'अहिले ऐलानी पहिचानपत्र तयार पारेर बाँड्ने र रातो पुर्जाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनेछौं,' उनले भने, 'यसले जनतालाई आफ्नो जग्गा कति छ ? आफूले प्रयोग गरेको जग्गा कुन स्तरको हो ? भन्ने थाहा पाउन सहज हुने छ ।'

'अब जसको नाममा पहिचानपत्र आएको छ, उहाँहरूले यसलाई किनबेच नगरिदिनुहोला,' नगरप्रमुख लामाले आग्रह गरे, 'तत्कालीन भूमि आयोगमा यही नाममा यहाँहरूको ऐलानी जग्गा दर्ता भएको छ । यसलाई सुरक्षित राख्नुहोला ।' नगरपालिकाको वडा नम्बर ७ की अध्यक्ष सुमिता डल्लाकोटीका अनुसार स्थानीय सरकारले आफ्नो नागरिकको अधिकारलाई सुरक्षित गर्न पहिचानपत्र वितरण गरेको हो । यो नितान्त नागरिकको आफ्नो प्रयोग हुँदै आएको जग्गाको विवरण उल्लेख भएको पहिचानपत्र हो ।

पहिचानपत्र पाएपछि स्थानीय शान्ति परियार खुसी देखिइन् । उनलेकयौं वर्षदेखि प्रयोग गर्दै आएको जग्गाको पहिचानपत्र पाउँदा खुसीमात्र होइन आफ्नो जग्गा छ भन्ने आभाष भएको बताइन् । आफ्नो विवरणसहितको पहिचानपत्र बनाएर वितरण गरेकोमा स्थानीय सरकारलाई परियारले धन्यवाद दिइन् ।


## Bedkot Municipality
### Office of Municipal Executive
Sisaiya, Kanchanpur
Sudurpakshim Province, Nepal

**Invitation For Bids**

**Date Of Publication: 2081/08/23 (08-Dec-2024)**

1. Bedkot Municipality, Office of Municipal Executive, Kanchanpur invites E-bid for Tender for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount Without VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 09/NCB/RTW/ 2081/082 | Pathariya nadi Niyantrayan, Bedkot municipality 01 and 02 | 90 days | 3,070,310.12 | 85,000.00 | 3000.00 |
| 2 | 10/NCB/RTW/ 2081/082 | Sunikhola Tatabandhan uttar Dipak Awasthi ko Ghar Dekhi South Mahadev Awasthi ko Ghar samma Tatabandha | 90 days | 4,301,594.67 | 120,000.00 | 3000.00 |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/09/23 ( 07-Jan-2025 ) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/09/23 ( 07-Jan-2025) ; at 2:00 PM, At Bedkot Municipality Office, Kanchanpur |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | NIC Asia, Daijee, GA1.1-ANTARIK RAJASHWA KHATA -BEDKOT NAGARPALIKA-1852050028240002 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Name of the Bank: NIC Asia Bank, Daijee, Kanchanpur Name of Office: Bedkot Municipality, Kanchanpur Office Account No. : I5CA052423252403 (Dharauti Khata) |

2. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bedkot Municipality Office, Kanchanpur Contact No: 099-413121
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



## JAHADA RURAL MUNICIPALITY
### OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
MORANG , KOSHI PROVINCE, NEPAL

**Invitation For E-Bid**

**Date of Publication: 23rd Mangsir, 2081**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ SQ/081/082/10 | Jahada-01 sthit singhiya khola tatbandh marmat (bhuvneswor malah ko khet agadi) | Rs 1,458,255.56 | 1,000.00 | 11:00 AM on 2081/09/01. | 12:00 PM on 2081/09/09. | 2:00 PM on 2081/09/09. | 37000.00 |
| JRM/WORKS/ SQ/081/082/11 | Ward no-7 ko lohondra khola (pul purwa) badhko najik katan niyantran karya | Rs. 709,886.10 | 1,000.00 | 1:00 PM on 2081/07/01. | 12:00 PM on 2081/09/09. | 2:00 PM on 2081/09/09. | 18000.00 |

2. The details of the project is as follows :
For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

### 'ह्रस्व दीर्घ'को ग्रस कलेक्सन १० करोड ६० लाख

नेपाली फिल्म 'ह्रस्व दीर्घ'ले बिहीबारबाट हलबाट उत्रिएको छ । प्रदर्शनको १९ दिनमा पूरा भएपछि यो फिल्म हलबाट उत्रिएको हो । कात्तिक ३० बाट प्रदर्शनमा आएको यस फिल्मले उक्त अविधिमा १० करोड ६० लाखको ग्रस कलेक्सन गरेको निर्माण पक्षले दाबी गरेको छ । तेस्रो साता पूरा भएपछि निर्माण पक्षले बिहीबार ग्रस कलेक्सन सार्वजनिक गरेको हो । फिल्मकी मुख्य नायिकासमेत रहेकी निर्माता नीता ढुंगानले फेसबुकमार्फत् कलेक्सन सार्वजनिक गर्दै लेखेकी छन्, 'हजुरहरूको माया ।' यस फिल्मका ज्योतिषी एवम् नायक हरिहर अधिकार र नीता मुख्य भूमिकामा छन् ।





# चलचित्र ऐनमा सुधार गर्न ढिलाई हुँदैन : मन्त्री गुरुङ




■ प्रभाव संवाददाता

**काठमाडौं** – सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले नेपाली चलचित्र क्षेत्रको विकास र प्रवर्द्धन गर्न आवश्यक पर्ने ऐन सुधार गर्न सरकारले ढिलाइ नगर्ने स्पष्ट पारेका छन् ।

पर्यटन बोर्डको सभाहलमा रेडियो तथा टेलिभिजनमा आबद्ध महिला पत्रकारहरूको छाता संस्था इन्टरनेसनल एसोसिएसन अफ वमन इन रेडियो एन्ड टेलिभिजन (आइवार्ट) नेपाल शाखाले शनिबार आयोजना गरेको 'पाँचौं आइवार्ट नेपाल छोटो चलचित्र प्रतियोगिता २०२४' मा मन्त्री गुरूङले चलचित्र आम मानिससम्म पुग्ने बलियो माध्यम रहेको बताए ।

सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरूङले भने, 'नेपालमा बनिरहेका चलचित्र र यससम्बन्धी भइरहेका गतिविधिबाट हामीले फाइदा लिनुपर्छ । हाम्रो पर्यटनको प्रचार गर्न सक्छौं । यसका लागि बाधा देखिएका ऐनमा सुधार गर्दै यस क्षेत्रको विकासका लागि मन्त्रालयसँगै चलचित्र विकास बोर्डले आफ्नो काम गरिरहेको छ । अहिले यो क्षेत्रमा देखिएको मनोमानी र भद्रगोल अवस्थालाई हामीले लयमा ल्याउँदैछौं । आउँदो केही समयमा सबैले महसुस गर्नेगरी परिवर्तन गरिनेछ ।'

चलचित्र प्रदर्शन, वितरण र निर्माणका लागि विसं २०२६ देखि लागू भएको 'चलचित्र ऐन' को समस्या र नयाँ ऐनको महत्व बुझेर यसै वर्ष नयाँ ऐन ल्याउने गरी मन्त्रालयले काम गरिरहेको मन्त्री गुरूङले जानकारी दिनुभयो । यस्तै, उहाँले महिला चलचित्रकर्मीलाई अगाडि बढाउन मन्त्रालयले बोर्डसँग समन्वय गरेर कार्यक्रम ल्याउने जानकारी दिए । 'महिलाले गर्न नसक्ने केही छैन, आँफूलाई चिन्नु पर्ने आवश्यकता छ', मन्त्री गुरूङले भने । उनले नेपाल अन्य देशको तुलनामा प्राकृतिक रूपमा धनी रहेको र सांस्कृतिक विविधताले भरिपूर्ण रहेकाले यसको प्रयोग आफ्ना कथा र चलचित्रमा गर्न महिला चलचित्रकर्मीलाई आग्रह गरे ।

# युट्युबमा फिल्म 'फिच्यो'

■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'फिच्यो' अर्थात 'कान्छी छोरी' युट्युबमा आएको छ । स्वदेश तथा विदेशको प्रदर्शनपछि फिल्मलाई युट्युवमा ल्याइएको हो ।

नेपाली, अङ्ग्रेजी र गुरुङ गरेर तीन भाषामा निर्माण भएको फिल्ममा विश्वास गुरूङ, इन्द्र घले (काशी), टिकाराम घले, सीतादेवी गुरुङ, डिबी गुरुङ, कल्याण थापा, कृष्ण गुरुङ, सुबेदार मन्त्रीजङ गुरुङ, अञ्जना गुरुङ, पेम्बा छिरिङ शेर्पा, सिर्जना गुरुङ, बिरूप घले लगायतको अभिनय छ ।

गुरुङ समुदायको रीतिरिवाज, भेषभुषा, चालचलन सहितको कथावस्तु बोकेको फिल्म स्वदेशका आकर्षक लोकेसनमा भएको फिल्म विकास घले गुरुङको लेखन, निर्देशन तथा सम्पादनमा तयार भएको हो ।

रेड ओसियन इन्टरटेन्मेन्टको पहिलो प्रस्तुति रहेको फिल्ममा प्रकाश गुरुङ (काश) का छायाङ्कन, सन्तोष श्रेष्ठ र गणेश गुरुङको संगीत छ । फिल्ममा लेखन, निर्देशन तथा सम्पादन विकास घलेकै रहेको छ । फिल्ममा नृत्य गोरे गुरुङको छ ।


शान्ति माया गुरुङ (युएसए), मन्त्री जङ गुरुङ, बुद्धिमाया गुरुङ (इराक) र अविनाश यम.जि (मांगसुम) निर्माता रहेको फिल्मले बिग्रँदो सामाजिक परिस्थितिले कर्मठ र जेहेन्दार युवालाई कसरी असर पुर्याउँछ भन्ने देखाउन खोजेको छ ।

# 'द्रौपदी'को प्रदर्शन चैत ८ देखि

**काठमाडौं (प्रस)**– ऋषिराज आचार्य निर्देशित फिल्म 'द्रौपदी'को प्रदर्शन मिति तय भएको छ । निर्माता समेत रहेका आचार्यले सामाजिक कथावस्तुको यो फिल्म ८ चैतमा देशब्यापी हलमा प्रदर्शनमा आउने जानकारी दिए ।

वितरकसँग सहमतिपछि प्रदर्शन मिति टुंगो लागेको जानकारी आचार्यले दिए । अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरि निर्माण गरिएको फिल्ममा आश्विनी शाही, रवि ओड, कविराज भाम, जेएलसन अधिकारी, सुजाता तिमल्सिना, विष्णु ठडराई, प्रकाश ज्ञवाली, सीता बौडेल, सुरज अधिकारी र निर्देशक आचार्यको अभिनय छ । आरबी मूभिजको ब्यानरमा निर्मित फिल्ममा रवि ओडको संगीत, मोहनकुमार झिल्लुको छायांकन छ । आचार्य र प्रकाश ज्ञवाली निर्माता रहेको फिल्ममा विष्णु ठडराई र ऋतु आचार्य सहनिर्माता छन् । पटकथा, संवाद र गीत निर्देशन आचार्यकै छ ।

कर्णाली प्रदेशको हिमाली क्षेत्रमा छायांकन गरिएको फिल्मको शीर्षक 'महाभारत'को पात्र द्रौपदीसँग मिले पनि कथावस्तुबारे खुलाइएको छैन । आचार्यले यसअघि मिस्टेक, सपना तिम्रो मेरो, सुन्तलीलाई भगाइ लग्यो झिल्केले, ड्रीम गर्ल र चुरीफुरी निर्देशन गरेका छन् ।



# रचना र दीपकको स्वरमा 'रातो घोडा सेतो घोडा'

**काठमाडौं (प्रस)**– गायक दीपक भुजेल र गायिका रचना रिमालको स्वर रहेको रातो घोडा सेतो घोडा बोलको गीतको भिडियो रिलिज गरिएको छ ।

प्रेम रोमान्सले भरिएको एक जोडीको रोमान्टिक प्रेम कहानी बताउने रातो घोडा सेतो घोडा बोलको गीतको भिडियो रिलिज गरिएसँगै राम्रो प्रतिक्रिया आइरहेको गायक भुजेलले बताए। डिपी खनालको शब्द श्रृजना रहेको सार्वजनिक गीतमा शंकर थापा स्माइलको संगीत रहेको छ ।

विश्व अधिकारीको एरेन्ज रहेको



सार्वजनिक गीतमा गायक दीपकसँगै सुन्दरी मोडल अस्मिता जुरेलीको रोमान्टिक अभिनय देख्न सकिन्छ । भिडियोमा एक प्रेमीले जोडीले बिताएको रोमान्टिक समयलार्य भिडियोमा कलात्मक शैलीमा निर्देशक राजीव समरले देखाएका छन् ।

राजीव समरकै कोरियोग्राफी रहेको छमछम नचाउने गीतमा दीपक र अस्मिता दुवै खुलेका छन् । दीपकले निकै आशा गरेको गीत उनकै अफिसियल च्यानल दीपक भुजेल अफिसियलबाट बजारमा आएको हो ।



**एनपिएल क्रिकेट**

# लुम्बिनीको लगातार तेस्रो हार

## आज लुम्बिनी र जनकपुर अनि सुदूरपश्चिम र चितवन भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं**– राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत शनिबार भएका खेलमा कर्णाली र सुदूरपश्चिम विजयी भएका छन् । लगातार तेस्रो हार ब्यहोर्दै राष्ट्रिय कप्तान रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले प्रतियोगितामा एक अंक पनि जोड्न सकेको छैन भने सुदूरपशिचमले लगातार तेस्रो जित हात पारेको छ ।

शनिबार सम्पन्न दोस्रो खेलमा कर्णाली याक्सले विराटनगर किंग्सलाई सात रनले पराजित गरेको हो । एक सय ३४ रनको मध्यम लक्ष्य पछ्याएको विराटनगर किंग्स कर्णालीका नन्दन यादवको कसिलो बलिङमा निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २६ रनमा समेटियो । कर्णालीको जितमा नन्दन यादवले चार ओभर बलिङ गर्ने क्रममा १९ रन खर्चेर तीन विकेट लिए। साथै विपीन यादवले दुई तथा सोमपाल कामी, विलियम वोसिस्टोले र उनिश ठकुरीले एक/एक विकेट लिए ।

बिराटनगरका लागि निकोलस कीर्तनले ३९ बलमा चार चौका र एक छक्काको सहयोगमा ४० रन बनाए पनि जितका लागि पर्याप्त भएन् । उसका लागि ओपनर लोकेश बमले १९ र दीपक बोहोराले १८ रनको योगदान दिए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय ३३ रन मात्रै बनाएको थियो । उसका लागि विलियम



बोसिस्टोले ४९ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए । साथै ओपनर देव खनालले ४८ बलको सामना गर्ने क्रममा चार चौका र दुई छक्का प्रहार गर्दै ५३ रनको योगदान दिए । कर्णालीका पाँच ब्याटरले खाता नै खोल्न सकेनन् । गुलशन झा, सोमपाल कामी, नन्दन यादव, विपीन शर्मा र उनिश ठकुरी शून्य रनमा आउट भए । अघिल्ला दुई वटा खेलमा चम्केका ओपनर शिखर धवनले व्यक्तिगत पाँच रन छँदा आउट भए ।

कर्णाली याक्सलाई मध्यम स्कोरमा समेट्ने क्रममा बिराटनगरका लागि प्रतीश जिशीले चार विकेट लिए । साथै क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिए भने अकिब इलायसले एक विकेट लिए। चार खेलमा दुईमा जित हासिल गरेको कर्णालीसँग चार अंक छ भने समान खेल खेलेको विराटनगरसँग एक जितका साथ दुई अङ्क छ ।

### लुम्बिनीको तेस्रो हार

नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत शनिबार भएको पहिलो खेलमा सुदुरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा एक सय ८८ रनको लक्ष्य पछ्याएको लुम्बिनी लायन्स निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ४२ रनमा समेटियो । योसँगै लुम्बिनीले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै अङ्क तालिकाको अन्तिममा पुगेको छ ।

पहिलो जितको खोजीमा लक्ष्य पछ्याएको लुम्बिनीलाई सुरुमै झट्का लाग्यो । शून्य रन छँदा पहिलो विकेट गुमाएको उसले पाँच रनमा दोस्रो विकेट र नौ रन छँदा तेस्रो विकेट गुमायो । साथै १९ रन छँदा चौथो र पाँचौ विकेट गुमाएपछि लुम्बिनी दबाबमा परेको थियो । त्यसपछि ब्याटिङ गर्न आएका विवेक यादवले १४२ दशमलव ५९ को स्ट्राइक रेटमा ७७ रन बटुले पनि त्यो जितका लागि पर्याप्त भएन ।

लुम्बिनीका अर्जुन साउद, साद विन जफर, रामेन साइमन्डस् र दुर्गेश गुप्ता शून्य रनमा आउट हुँदा सुन्दीप जोराले २० र दिनेश अधिकारीले १४ रन बनाए । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । सुदूरपश्चिमको जितमा ब्राण्डोन म्याक मुलेन र सेफ अलि जेबले समान तीन विकेट लिए भने स्टक कुगेलेनले दुई र अभिनाश बोहोराले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले ओपनर सेफ अलि जेबको आक्रमक ब्याटिङमा कुल एक सय ८७ रनको योगफल तयार पारेको थियो । सेफले ६१ बल खेल्ने क्रममा छ चौका र पाँच छक्काको सहयोगमा ९० रन बनाए । कूल १९ बल खेलेका दीपेन्द्र सिंह ऐरीले चार चौका र दुई छक्काको सहयोगमा ३९ रन बनाए । त्यसैगरी ब्राण्डेन म्याक मुलेनले २३ र बिनोद भण्डारीले १७ रन बनाए ।

लुम्बिनीका लागि रामेन साइमन्डसले दुई, कप्तान रोहित पौडेल र विवेक यादवले समान एक/एक विकेट लिए। प्रतियोगिताको आइतबार पनि दुई खेल हुँदैछ। आइतबारको खेलमा लगातार हार ब्यहोरेको लुम्बिनीले अपराजित जनकपुर बोल्ट्सको सामना गर्दैछ भने अपराजित रहेको सुदूरपश्चिमले चितवन राइनोज्को सामना गर्दैछन् ।

# प्रिन्स र रशिलालाई ललितपुर मेयर कपको उपाधी

■ प्रभाव संवाददाता

**ललितपुर**– ललितपुरमा जारी तेश्रो ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०८१ मा एपिएफका प्रिन्स दाहाल र नेपाली सेनाकी रसिला महर्जनले जित हात पार्दै ललितपुर नगरपालिकाद्वारा प्रायोजित तथा ललितपुर जिल्लाद्वारा आयोजित मेयरकपमा ह्याट्रिकका साथ उपाधी उचाल्न सफल भएका छन् ।

शनिबार भएको पुरुष एकल तर्फको खेलमा दाहालले नेपाली सेनाका प्रफुल महर्जन माथी २१-८, २१-९ को जित निकाल्दै उपाधी रक्षाका साथ ह्याट्रिक गर्न सफल भएका हुन् । एपिएफका देवराज राना र क्षितिज खनाल तेश्रो स्थानमा खुम्चिन बाध्य भए ।

महिला एकल तर्फ शिर्ष बरियताकी रसिला महर्जनले आफ्नो उपाधी जोगाईन् । सेनाकी महर्जनले उपाधी जोगाउने क्रममा आफ्नै क्लबकी अमिता गिरीलाई २१-७, २१-११ ले पाखा लगाईन् । रसिलाको ललितपुर मेयर कपमा यो लगातार तेश्रो उपाधी हो । सेनाकै रिहाना शेरचन र शेष्ना श्रीपाली संयुक्त तेश्रो भए ।

पुरुष (शिर्ष २० बरियता बाहेक) युगल तर्फ नेपाली सेनाका विधान अधिकारी र पविन लिङ्गथेपको जोडी र बालकुमारी रिमिक्स क्लबका सशिन डङ्गोल र सुमन शाक्यको जोडी विच भएको प्रतिस्पर्धामा विधान र पविनले जित हात पारे । विधान र पविनको जोडीले २१-१४, २१-१४ को जित हात निरन्तर तीन पटक उपाधी उचालेका हुन् । नेपाली सेनाका लक्ष्मण राना मगर र सुप्रिम पन्तको जोडी तथा बालकुमारी रिमिक्सका दिप्रिश मुनी बज्राचार्य र रमन महर्जनको जोडी संयुक्त तेश्रो भए ।


यु - १७ तर्फको पुरुष एकल तर्फ एपिएफका कविर के.सी.ले जित हात पार्दै उपाधी उचाले । उनले सेनाका सुविन श्रेष्ठ माथि २१-९, २१-१३ को जित निकाल्दै उपाधी उचालेका हुन् । कठायत ब्याडमिन्टन ट्रेनिङ्ग सेन्टरका अमन डङ्गोल र कैलालीका शिशिर राना संयुक्त तेश्रो भए ।

यहि विधाको महिला तर्फ नेपाली सेनाकी रिहाना शेरचनले उपाधी कब्जा गरिन् । शेरचनले एपिएफकी स्वर्लिन श्रेष्ठलाई २१-१७, २१-१२ ले पराजित गरेकी हुन् । तेश्रो स्थानमा एपिएफका प्रियंशा श्रेष्ठ र टिशा रानी शाक्य रहे ।

मास्टर्स ४५ बर्ष माथिको युगल तर्फ सहआयोजक बालकुमारी रिमिक्स क्लबका शान्ता डङ्गोल र कृष्ण श्रेष्ठको जोडी स्पोर्टस् हबका सानबहादुर साँवा र लाक्पा शेर्पाको जोडीलाई १०-२१, २३-२१, २१-१६ ले पराजित गर्दै प्रथम हुन सफल भए । कास्कीका प्रेम कुमार गुरुङ्ग र राजेन्द्र वाग्ले तथा हिमाल गुरुङ्ग र शम्भु श्रेष्ठको जोडी संयुक्त तृतीय भए । प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल (शिर्ष २० बरियता बाहेक), यु-१७ ब्वाईज र गर्ल्स तथा मास्टर ४५ माथि युगल गरि ६ बिधामा प्रतिस्पर्धा भएको थियो ।

३१ लाख अनुमानित लागत रहेको प्रतियोगितामा पुरुष तथा महिला एकल र पुरुष युगल तर्फका बिजयीले नगद ४० हजारका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । यस्तै दोश्रो हुनेले नगद २० हजार र तेश्रो स्थान प्राप्त गर्नेले नगद १० हजारका साथ मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । यु-१७ तर्फ ब्वाईज तथा गर्ल्स एकलमा प्रथम द्वितीय र तृतीय हुनेले नगद २० हजार, १० हजार र ५ हजारका साथ मेडल, ट्रफी र प्रमाणपत्र तथा मास्टर युगल (४५ बर्ष माथि)का प्रथम, द्वितीय र तृतीय हुनेले नगद ३० हजार, १५ हजार र ७ हजार ५ सय सहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गरे ।

बिजयी खेलाडीहरूलाई प्रमुख अतिथी ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जरी शाक्य बज्राचार्य, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, ब्याडमिन्टनका भेट्रान खेलाडी मोहन बहादुर शाही, संघका महासचिव बिरेन्द्र श्रेष्ठ, उपमहासचिव नविन बिक्रम शाह, प्रायोजक योनेक्सका नेपाली आधिकारीक त्रिक्रेता इनास इन्टरप्राईजेजका प्रोपाईटर राजु बास्तोला लगायतले पुरस्कार वितरण गरेका थिए । ५ दिन सम्म संचालन हुने प्रतियोगितामा तीन विभागिय टोली, क्लब र जिल्लाका गरि २२८ खेलाडीहरूले गरेका थिए ।



उत्तरपूर्वी चीनको हेलोङजियाङ प्रान्तको हार्बिनमा शनिबार बरफ संकलन गर्ने महोत्सवमा सहभागीहरूको भीड । हार्बिनको बरफ संकलन सिजनको सुरुवातको रूपमा पाँचौं बरफ संकलन महोत्सव शनिबार यहाँ सोंगुआ नदीको किनारमा सुरु भएको हो । *तस्बिरः सिन्ह्वा*

# इमरान खानको याचिकामा डिसेम्बर १० मा सुनुवाइ गर्ने





**इस्लामाबाद–** पाकिस्तानको सर्वोच्च अदालतले सन् २०२३, १० मे का घटनाहरूको अनुसन्धान गर्न न्यायिक आयोग गठन गर्न माग गर्दै पिटिआईका संस्थापक इमरान खानले दायर गरेको याचिकामाथि डिसेम्बर १० मा सुनुवाइ गर्ने समय तय गरेको छ ।

सर्वोच्च अदालतले शुक्रबार जारी गरेको सूचीअनुसार न्यायाधीश अमिनुद्दीन खानको नेतृत्वमा रहेको सात सदस्यीय संवैधानिक इजलासले मुद्दाको अध्यक्षता गर्ने छ । याचिका दुई महत्त्वपूर्ण घटनाहरूको छानबिन गर्न न्यायिक आयोगहरूका लागि खानको मागसँग जोडिएको छ ।

बिहीबार पूर्वप्रधानमन्त्रीले आफ्नो आयोगको स्थापनाबारे पोस्ट गरेका थिए । सरकारसँग संलग्न हुन गठित वार्ता टोलीमा ओमर अयुब खान, अली अमीन गण्डापुर, साहिबजादा हमिद रजा, सलमान अक्रम राजा र असद कैसर रहेका छन् ।

शुक्रबार इमरानले यस विषयमा आफ्ना मागहरू दोहोर्‍याउँदै भने, 'हाम्रा दुईवटा मागहरू छन् । घटनाहरूको स्वतन्त्र अनुसन्धान गर्न सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठ न्यायाधीशहरूको नेतृत्वमा आयोग गठन गर्नुपर्छ । अन्यायपूर्वक थुनिएका राजनीतिक बन्दीहरूलाई रिहा गरिनुपर्छ ।'

इमरानले यी मागहरू पूरा नभएमा पिटिआईद्वारा 'नागरिक अवज्ञा, रेमिटचान्समा कमी र बहिष्कार आन्दोलन' सुरु गर्ने चेतावनी दिए । यस मुद्दाको अतिरिक्त, फेब्रुअरीको आमचुनावमा धाँधली भएको आरोप लगाउँदै पिटिआईका संस्थापकले दायर गरेको छुट्टै याचिकामा डिसेम्बर ११ मा अर्को सुनुवाइ हुने छ । *रासस/एएनआई*

सन् २०२४ मा प्राकृतिक विपत्ति

# तीन खर्ब १० अर्ब अमेरिकी डलर बराबरको क्षति

**जुरिच–** प्राकृतिक प्रकोपका कारण यस वर्ष विश्वभर अनुमानित तीन खर्ब १० अर्ब अमेरिकी डलरको आर्थिक क्षति भएको पुनर्बिमा कम्पनी स्वीस रेले बिहीबार जनाएको छ । जलवायु संकटका कारण सन् २०२३ को तुलनामा छ प्रतिशतले वृद्धि भएको पनि स्वीस रेले जनाएको छ ।

यसैबीच, हेलेन र मिल्टन नामक विनाशकारी आँधीबेहरीका कारण बिमा गरिएको क्षति १७ प्रतिशतले वृद्धि भई १३५ अर्ब अमेरिकी डलर पुगेको स्वीस रेले एक विज्ञप्तिमा उल्लेख गरेको छ । बिमा घाटा १०० अर्ब डलरभन्दा माथि पुगेको यो लगातार पाँचौं वर्ष भएको कम्पनीले जनाएको छ । स्वीस रेका विपत्ति र खतराका प्रमुख बाल्ज ग्रोलिमुन्डले एक विज्ञप्तिमा भनेका छन्, 'यो बढ्दो क्षतिको बोझको अधिकांश परिणाम सहरी क्षेत्रमा मूल्य एकाग्रता, आर्थिक वृद्धि र बढ्दो पुनर्निर्माण लागतको परिणाम हो ।' स्वीस रेले बिमा कम्पनीहरूको बिमाकर्ताको रूपमा काम गर्छ र जलवायु परिवर्तनको प्रभावमा जोड दिन्छ । ग्रोलिमुन्डले भने, 'यस वर्षको धेरै विपत्तिको कारण बनेको परिस्थितिलाई समर्थन गरेर, जलवायु परिवर्तनले पनि बढ्दो भूमिका खेलिरहेको छ ।' कम्पनीले विशेषगरी बाढीको बढ्दो बिमा लागतलाई महत्त्व दिएको छ ।

युरोप र संयुक्त अरब इमिरेट्समा मात्र तीव्र बाढीका कारण बिमाकर्ताहरूले १३ अर्ब अमेरिकी डलर खर्च गरेका छन् । सन् २०२४ बाढीका लागि विश्वमा तेस्रो र युरोपका लागि दोस्रो सबैभन्दा महँगो वर्ष हो । संयुक्त राज्य अमेरिकाले यसबीचमा सबैभन्दा बढी बिमा गरिएको नोक्सानी व्यहोरेको छ ।

सेप्टेम्बरको अन्त्य र अक्टोबरको सुरुमा दक्षिणपूर्वी संयुक्त राज्य अमेरिकामा आएको 'हेलेन' र 'मिल्टन' नामक आँधीका कारण मात्रै ५० अर्ब अमेरिकी डलर बराबरको क्षति भएको स्वीस रेले जनाएको छ । तीव्र आँधीबेहरीको उच्च शृंखलाको मतलब संयुक्त राज्य अमेरिकाले सन् २०२४ को कूल विश्वव्यापी बिमा हानिको कम्तीमा दुईतिहाइका लागि जिम्मेवार रहेको स्वीस बिमा कम्पनीले जनाएको छ । *रासस/एएफपी*

# अफ्रिकामा एमपक्सबाट मृत्यु हुनेको संख्या १२०० पुग्यो



अदिस अबाबा- अफ्रिकामा चलिरहेको एमपक्स प्रकोपबाट मृत्यु हुनेको संख्या एक हजार २०० पुगेको छ । यो वर्ष अहिलेसम्म रेकर्ड गरिएका मामिलाहरूको संख्या ६२ हजार नाघेको छ । अफ्रिका सिडिसीका महानिर्देशक जीन क्यासियाले भने, 'वर्षको सुरुदेखि २० अफ्रिकी देशहरूमा ६२ हजार १७१ एमपक्स मामिलाहरू रिपोर्ट गरिएको छ, जसमध्ये १३ हजार ५७९ पुष्टि भएको र मर्नेहरूको संख्या बढेर १२ सय पुगेको छ ।'

अफ्रिकी युनियनको विशेष स्वास्थ्य सेवा एजेन्सीले गत हप्ता मात्र अफ्रिकी महाद्वीपमा दुई हजार ७०८ नयाँ केसहरू रेकर्ड गरिएको जनाएको छ, जसमा ५६५ पुष्टि भएका घटनाहरू र ३६ मृत्युहरू छन् । कासियाले थपे, 'यदि हामीले जनवरीको पहिलो हप्तालाई नोभेम्बर सन् २०२३ को अन्तिम हप्तासँग तुलना गर्ने हो भने हामीसँग ७१६ प्रतिशतले वृद्धि भएको छ । यदि हामीले यो प्रवृत्तिलाई निरन्तरता दियौं भने, सन् २०२४ को अन्त्यसम्ममा हामीसँग केसहरूमा ८०० प्रतिशतभन्दा बढी वृद्धि हुने छ । कोभिड-१९ महामारीपछि एमपक्स अफ्रिकाले सामना गरिरहेको सबैभन्दा ठूलो प्रकोप हो ।'

एमपक्स पहिलोपटक सन् १९५८ मा भेटिएको थियो । यो एक दुर्लभ भाइरल रोग हो, जुन सामान्यतया शरीरको तरल पदार्थ, श्वासप्रश्वासको थोपा र अन्य दूषित पदार्थहरू मार्फत फैलिन्छ । *रासस/सिन्ह्वा*

## 'सिरियामा दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित'

**जेनेभा, स्वीट्जरल्याण्ड–** सिरियाको उत्तरपश्चिम हयात तहरीर अल-शाम (एचटिएस) को नेतृत्वमा रहेको क्षेत्रमा आक्रमणपछि दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघले ट्वीटरमा साझा गरेको पोस्टमा लेखेको छ, 'हालैको हिंसामा केही दिनमै उत्तरपश्चिम सिरियामा दुई लाख ८० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । राष्ट्रसंघले सिरियामा सबैभन्दा कमजोरलाई सहयोग गर्न मानवीय प्रयासहरू बढाउँदै छ ।'

यसैबीच, हजारौं बासिन्दाहरू होम्स सहरबाट भागेका छन् । दमास्कसतर्फ विद्रोहीहरूको अग्रसरतामा त्रास फैलिएको छ । सिरियन अब्जर्भेटरी फर हयुमन राइट्स (एसओएचआर) ले शुक्रबार हजारौं होम्सका बासिन्दाहरू पश्चिमी किनारतर्फ रातभरि भाग्न थालेका जनाएका छन् । यहाँ सिरियाली राष्ट्रपति बसर अल-असदले अझै पनि नियन्त्रण कायम राखेका छन् ।

बिहीबार उत्तरको हामा सहर कब्जा गरेपछि विद्रोहीहरूले होम्सको चौराहे सहरमा आफ्नो नजर राखेका छन्, जुन कब्जा गरेमा राष्ट्रपति बसर अल-असदको नियन्त्रणमा रहेको क्षेत्र विभाजित हुने छ । संयुक्त राष्ट्रसंघका अनुसार एक दशकभन्दा बढीको युद्धमा तीन लाखभन्दा बढी नागरिक मारिएका छन्, जबकि लाखौं क्षेत्रभरि विस्थापित भएका छन् । *रासस/एएनआई*

## कोलम्बियामा बाँध फुट्दा १२ जना घाइते, धेरै बालबालिका बेपत्ता

**बोगोटा–** कोलम्बियाको ग्रामीण दक्षिणपश्चिम विभाग काउकामा बाँध भत्किँदा कम्तीमा एक दर्जन व्यक्ति घाइते हुनुका साथै धेरै बालबालिका बेपत्ता भएका छन् । नागरिक सुरक्षाका निर्देशक मेजर जुआन कार्लोस स्यान्डोभलले भने, 'अगुआस क्लारिटास स्ट्रिममा बाँध भत्किँदा ठूलो क्षति भएको र पानीको बहावले यस क्षेत्रका घरहरू बगाएको जस्तो देखिन्छ ।'

खोज र उद्धारका लागि पुग्ने प्रयासहरू पहिरोले सडक अवरुद्ध भएकाले अवरोध भएको स्यान्डोभलले बताए । विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय एकाइका निर्देशक कार्लोस क्यारिलोले यस क्षेत्रमा भारी वर्षाको बीचमा कमजोर जनसंख्याको सुरक्षालाई प्राथमिकता दिँदै बेपत्ताहरूको खोजीमा समन्वय गर्न पोपायनमा एक एकीकृत कमाण्ड पोस्ट स्थापना गर्ने योजना घोषणा गरे । *रासस/सिन्ह्वा*

## भारतद्वारा युरोपेली उपग्रह बोक्ने रकेट सफलतापूर्वक प्रक्षेपण

नयाँदिल्ली- भारतको अन्तरिक्ष एजेन्सी र भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले बिहीबार युरोपेली अन्तरिक्ष एजेन्सीको प्रोबा-३ उपग्रहहरू बोकेको पिएसएलभी-५९ रकेट सफलतापूर्वक प्रक्षेपण गरेको छ । उक्त प्रक्षेपण दक्षिणी राज्य आन्ध्र प्रदेशको श्रीहरिकोटा क्षेत्रमा रहेको सतीश धवन अन्तरिक्ष केन्द्रबाट गरिएको हो । पिएसएलभी रकेटमा रहेको प्रोबा-३ मिसनका दुई उपग्रहहरू प्रक्षेपणको केही मिनेटपछि सफलतापूर्वक अलग भएका इसरोले सामाजिक सञ्जालमा उल्लेख गरेको छ । *रासस/सिन्ह्वा*


Province Government
Transport Infrastructure Directorate
**Infrastructure Development Office, Jhapa**
Koshi Province, Nepal

**Invitation for Electronic Bids**

***(Published Date : 2081/09/23)***

Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.

**First Date of publication** : 8th December 2024 (Mangsir 23, 2081)

**Last Date of Bid Submission** :7th January 2025 (Poush 23, 2081) at 12:00 Noon for NCB

**Last Date of bid Submission** : 23th December 2024 (2081-9-8) at 12:00 Noon for Sealed quotation.

| S.N. | Description of Works |
|---|---|
| 1. | Upgrading of Ansuyaa marga Birtamode 8 deuniya jhapa. (Contract ID: IDO-JHP/W/NCB/MR-24/081-82) |
| 2. | Name of Project : Upgrading of Laxmi school dekhi paschim kajali bajar hudai haldibari gaa. Paa. Ko karyalaya samma kalopatre, Haldibari 1, 2, 3 jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-25/081-82) |
| 3. | Upgrading of Haldibari Kharsang chowk lakhibari garamani, Haldibari 2. (Contract ID: IDO-JHP/W/NCB/MR-26/081-82) |
| 4. | Upgrading of Birtamode 5 Harklal marga santosh giri ko ghar purwa jane sadak. (Contract ID: IDO-JHP/W/NCB/MR-27/081-82) |
| 5. | Upgrading of Kirat chowk dakshin namuna basti hudai saraswati ma vi jane sadak, Haldibari 1, jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-28/081-82) |
| 6. | Upgrading of birtamode 8 uttam katwal ko ghar bata triveni chowk jodane sadak. (Contract ID: IDO-JHP/W/SQ/MR-29/081-82) |
| 7. | Construction of Paving Block works at dhimal chowk 1 bata ganpati bekari jane sadak,Paving Block works at dharmakata road purwa ganesh paudel ko ghar uttar ko sadak and Paving Block works at dharmakata road purwa road no 4 pushpalal marga. (Contract ID: IDO-JHP/W/NCB/MR-30/081-82) |
| 8. | Upgrading of Sayapatri tol road maa drain birtamode 4. Contract ID: IDO-JHP/W/SQ/MR-31/081-82) |
| 9. | Upgrading of Gaurishankar Pratisthan dekhi purwa khanepani tanki dekhi dakshin suryanagar jodane sadak kalopatre Birtamode 3 jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-32/081-82) |
| 10. | Upgrading of samudayik ban ko karyalaya uttar lal bahadur kadel ko ghar hudai shiv mandir samma ko sadak, Baradashi-2, jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-33/081-82) |
| 11. | Upgrading of danda gaun chhabilal magar ko ghar chheu bata pipal chowk regmi tol hudai Haldibari jane sadak birtamode 9, jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-34/081-82) |
| 12. | Upgading of Gauradaha-4 Nabin thapako Ghar Dakshin-Doramari Vidhalaya paschim Rekha Adhikariko Gharsamma Kalopatre sadak (Contract ID: IDO-JHP/W/SQ/MR-35/081-82) |
| 13. | Upgrading Nariwal Gachhi -Rajbansi Chok- prabhudhan sadak gauradaha 8 (Contract ID: IDO-JHP/W/SQ/MR-36/081-82) |

All interested bidders may visit the website www.bolpatra.gov.np/egpfor the detail information.

**Office Chief**



वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १५०१०० | प्रति तोला – ० | प्रति तोला – १८९० |



**लटरम्म सुन्तला** | नवलपुरको गैँडाकोट–१८ मा पर्ने बसेनीको डाँडामा लटरम्म फलेको सुन्तला । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले यस क्षेत्रलाई सुन्तला पकेट क्षेत्र घोषणा गरेपछि सुन्तलाखेतीतर्फ किसानको आकर्षण बढेको छ ।
*तस्बिरः टेकराज पोखरेल/रासस*

# ८० कम्पनी आइपिओ जारी गर्न पाइपलाइनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पुँजीबजारमा प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ)का लागि नेपाल धितोपत्र बोर्डको पाइपलाइनमा रहेका कम्पनीको संख्या ८० पुगेको छ । त्यस्तै, धितोपत्रको आइपिओ जारी गरी सूचीकरण भइसकेका छ वटा कम्पनीले आफ्नो पुँजी वृद्धि गर्न धितोपत्रको थप निष्काशन (एफपिओ) प्रक्रियामा रहेको बोर्डले जनाएको छ ।

बोर्डका अनुसार कूल रू ४९ अर्ब ४८ करोड ३० लाख ४९ हजार पाँच सय ९६ बराबरको आईपिओ पाइपलाइनमा छ । विभिन्न क्षेत्रका ८० वटा कम्पनीको ३४ करोड १९ लाख एक हजार ८० कित्ता शेयर आईपिओका लागि बोर्डको प्रक्रियामा छ । होटल तथा पर्यटन क्षेत्रका सात वटा कम्पनीले रु तीन अर्ब ३१ करोड १० लाख बराबरको तीन करोड ५३ लाख ६० हजार कित्ता आइपिओ जारी गर्न निवेदन दिएका छन् । साथै ४० वटा जलविद्युत् आयोजनाले कूल रु १६ अर्ब ४१ करोड ३० लाख ७९ हजार चार सय बराबरको १६ करोड ३६ लाख पाँच हजार चार सय ६४ कित्ता बराबर आइपिओ जारी गर्नका लागि बोर्डको प्रक्रियामा रहेका छन् ।

लगानी समूहअन्तर्गत तीन वटा कम्पनीले रु दुई अर्ब ८४ करोड ३३ लाख ५० हजार बराबरको एक करोड ५६ लाख ७३ हजार पाँच सय कित्ता आइपिओ जारी गर्नका लागि पाइपलाइनमा छन् । उत्पादन तथा प्रशोधनतर्फ १५ वटा कम्पनीले रु २२ अर्ब ६८ करोड ४७ लाख ७६ हजार छ सय ९६ बराबरको नौ करोड १६ लाख ७५ हजार छ सय ८४ कित्ता आईपिओ निष्कासनको प्रक्रियामा छन् ।

धितोपत्र बोर्डका अनुसार जलविद्युत् समूहतर्फ सबैभन्दा धेरै ४० वटा कम्पनीले आइपिओ निष्कासनका लागि बोर्डमा निवेदन दिएका छन् । सानिमा हाइड्रोपावर लिमिटेड, हिम स्टार ऊर्जा कम्पनी लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, दरमखोला हाइड्रो इनर्जी लिमिटेड, सान्भी इनर्जी लिमिटेड, बेनी हाइड्रोपावर लिमिटेडलगायत कम्पनीको आइपिओ निष्कासन पाइपलाइनमा छ ।

त्यस्तै, यमलिङ्ग हाइड्रोपावर लिमिटेड, मबिलुङ्ग हाइड्रोपावर लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड, टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड, विकास हाइड्रोपावर कम्पनी, कालिञ्चोक हाइड्रोपावर लिमिटेडलगायत कम्पनीहरू आइपिओ पाइपलाइनमा रहेका छन् । होटल तथा पर्यटन समूहअन्तर्गत सात कम्पनीको आइपिओ पाइपलाइनमा छन् । यो समूहमा एपेक्स हस्पिटालिटी लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, अर्केड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबल कार, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड, अकामा होटल लिमिटेड, ठमेल प्लाजा होटल एण्ड स्वीट्स लिमिटेड आइपिओ निष्काशनका लागि पाइपलाइनमा छन् ।

लगानी समूहतर्फ वरुण इन्भेष्टमेन्ट लिमिटेड, सिड इनर्जी लिमिटेड र शिवम् होल्डिङ्स लिमिटेडले आइपिओ ल्याउँदैछन् । उत्पादन तथा प्रशोधन समूहतर्फ १५ कम्पनीको आइपिओ पाइपलाइनमा छ । एकोर्ड फर्मास्युटिकल्स लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, सूर्य सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, मारुती सिमेन्ट्स लिमिटेड, स्मार्ट डोर्स लिमिटेड, पाल्पा सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडलगायत कम्पनीको आइपिओ आइँदैछ । त्यस्तै, लक्ष्मी टेक्नोप्लास्ट लिमिटेड, श्री डिस्टिलरी लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, भूगर्भ सिमेन्ट लिमिटेड, रिद्धिसिद्धि सिमेन्ट लिमिटेड, सागर डिस्टिलरी लिमिटेड र अम्बे स्टील्स लिमिटेडले आइपिओ ल्याउने तयारी गरिहेका छन् ।

लघुवित्त समूहतर्फ स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको आइपिओ निष्कासनका लागि बोर्डमा विचाराधिन छ । त्यस्तै, लघुबीमा (माइक्रो इन्स्योरेन्स) तर्फ क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आइपिओ जारी गर्न बोर्ड समक्ष निवेदन दिएका छन् ।

अन्य समूहका १० कम्पनी आइपिओ पाइपलाइनमा छन् । ट्रेड टावर लिमिटेड, कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड, डिस मिडिया नेटवर्क लिमिटेड, आइएमई लिमिटेड, हस्पिटल फर एड्भान्स मेडिसिन एण्ड सर्जरी सर्जरी (हेम्स हस्पिटल) लिमिटेड, पिअर इनर्जी लिमिटेड, नेपाल ब्रोडकास्टिङ च्यानल लिमिटेड, कैलाश हेलिकप्टर सर्भिस लिमिटेड, छायादेवी कम्प्लेक्स लिमिटेड र बिजनेस इन्ट्रेस्ट ग्रूप अफ इन्ड्रस्टिजले आइपिओ ल्याउँदैछन् ।

# जुम्लामा टेलिकमको फाइबर

**जुम्ला (प्रस)–** जिल्लामा एक हजार ग्राहकले नेपाल टेलिकमको तीव्र गतिको फाइबर इन्टरनेट सेवा जडान गरेका छन् । अहिले जिल्ला सदरमुकाम खलङ्गा बजारमा मात्र फाइबर इनटरनेट सेवा दिएको छ । यहाँका आठ स्थानीय तहमा टेलिकमको फाइबर इन्टरनेट सेवा विस्तारका लागि काम भइरहेको छ । जिल्लाका धैरै जसो सरकारी कार्यालय र व्यक्तिगत पुरानो टेलिफोनको प्रविधिलाई फाइबर इन्टरनेटमा परिणत गरिएको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाका प्रमुख सुवास शाहले जानकारी दिए ।

चन्दननाथ नगरपालिका भित्र मात्रै एक हजार ग्राहकले फाइबर इन्टरनेट जडान गरेका छन् । कार्यालय प्रमुख शाहले भने, 'जिल्लामा फाइबर इन्टरनेटको माग बढेको छ । निजी कम्पनीको भन्दा सस्तो र राम्रो छ । यस कारण ग्राहक आकर्षित छन् ।' इन्टरनेटसँगै टेलिफोन र टेलिभिजनको सुविधा पनि प्रदान गरेको कार्यालय प्रमुख शाहको भनाइ छ । इन्टरनेटको स्पिडअनुसारको शुल्क फरकफरक निर्धारण गरिएको टेलिकमले जनाएको छ ।

यहाँका आठवटै स्थानीय तहका २० स्थानबाट फोरजी सेवा र सातवटा ठाउँमा टुजी सेवा सहितका टावरबाट सञ्चार सेवा प्रवाह भएको टेलिकमले जनाएको छ । टेलिकमको एनटी फाइबर गत वर्षको जेठ १० गते कालिकोट र जेठ ११ गते जुम्लामा सो सेवाको शुभारम्भ भएको थियो ।

# वैकल्पिक आम्दानीको स्रोत बन्दै अम्रिसो

**नवलपुर–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट नगरपालिकाको पहाडी गाउँका कृषकले अम्रिसो खेतीबाट मनग्य आम्दानी गर्न थालेका छन् । गैँडाकोट-३ र १८ का किसानले लगाएको अम्रिसोले भू-क्षय तथा पहिरो रोकथाम हुनुका साथै वैकल्पिक आम्दानीको स्रोत बन्दै गएको हो । गैँडाकोट-१८ का वडाध्यक्ष तिलबहादुर चितौरीमगरले भिरालो जमिनमा अम्रिसोखेती गर्ने किसानहरू बढ्दै गएका भन्दै यसले पहिरो रोकथाममा सहयोग गर्ने विश्वास व्यक्त गरे ।

वडाका दमार, बसेनीलगायत स्थानका किसानले सिँचाइ अभाव भएका क्षेत्रमा वैकल्पिक रूपमा अम्रिसोखेती गरिरहेका छन् । 'सिँचाइ अभाव भएका ठाउँमा अन्य खेती हुँदैन', उनले भने, 'अम्रिसो लगाएपछि खेती पनि हुने बर्खामा परेको पानीले जमिन कटान हुनबाट रोक्ने भएकाले यसतर्फ आकर्षण बढ्दै गएको हो ।'

अम्रिसोखेती गर्न चाहने किसानलाई पालिकाले सहजीकरण गरेर बिरुवा उपलब्ध गराइरहेको वडाध्यक्ष चितौरीमगरले जानकारी दिए । अम्रिसोमा मेहनत बढी नपर्ने र आम्दानी पनि हुने भएकाले पछिल्लो समय किसानको जीविकोपाजर्नमा वैकल्पिक आम्दानीको स्रोत बन्दै गएको उनले बताए । 'अम्रिसोबाट घर सफा गर्ने कुचो बनाएर बिक्री गरिने हुँदा बजारको अभाव छैन', वडाध्यक्ष चितौरीमगरले भने, 'नवलपुर बजार क्षेत्र, नारायणगढ, बुटवलका व्यापारीको सहयोगमा भारत र बङ्गलादेशसम्म यहाँको अम्रिसोको कुचो पुग्ने गरेको छ ।'

कृषक लेखबहादुर आलेले अम्रिसो खेतीबाट आएको आम्दानीले जीविकोपार्जनमा सहजता भएको बताए । सिँचाइ अभावले बारीमा खेतीबाली कम हुने भन्दै उनले अम्रिसो गाई बाखालाई घाँसका रूपमा प्रयोग हुनुका साथै फुलेपछि कुचो बिक्री गरेर आम्दानी लिन सकिने बताए ।



यहाँका पहाडी क्षेत्रमा अधिकांश किसानले अम्रिसोलाई आम्दानीको वैकल्पिक माध्यम बनाउने गरेका आलेले उल्लेख गरे । 'अम्रिसो खेतीमा हामीलाई दोहोरो फाइदा छ, पशु चौपायाका लागि घाँस खुवाउन पाइन्छ, कुचो बनाएर बेच्न पाइन्छ साथै पानी पर्दा माटो कटानसमेत रोकिन्छ', उनले भने, 'कुचो बिक्री गर्न पनि समस्या छैन, कसैले चामलसँग र कसैले पैसामा कुचो बिक्री गर्ने गरेका छौँ ।'


गैँडाकोट-१८ मा धानखेती नहुने भएकाले किसानले धानसँग कुचोसमेत साट्ने आलेको भनाइ छ । 'पहाडी क्षेत्रमा धानखेती कम हुन्छ । भएको खेतमा लगाएको धानले केही महिना मात्रै खान पुग्छ', उनले भने, 'यहाँका कतिपय किसानले सामूहिक रूपमा पनि अम्रिसोखेती गर्दै आएका छन् ।'

गैँडाकोट-३ भुजेल बस्तीका युगबहादुर सारुले वार्षिक रु ५० हजार बढीको अम्रिसो बिक्री हुँदै आएको बताए । 'घरमा आउनेलाई पैसामा बिक्री गर्छौं, गाउँतिर लिएर गयौँ भने धानसँग साटेर आउँछौँ', उनले भने, 'धान उब्जनी नभए पनि अम्रिसोसँग साटेर धान ल्याउन पाइन्छ ।'

गाउँको भिरालो जमिन अम्रिसो खेतीले भरिएको भन्दै सारुले अहिले अम्रिसो फुल्न सुरु भइसकेको जानकारी दिए । केही वर्ष अघिसम्म झाडीले भरिएका डाँडोमा अम्रिसोखेती सुरु भएपछि डाँडा पनि हरियाली भएका उनले उल्लेख गरे ।

गैँडाकोट नगरपालिकाका कृषि शाखा प्रमुख राजुप्रसाद शर्माले नगरपालिकाको पहाडी क्षेत्रमा केही समुदायले कबुलियत वनमा अम्रिसोखेती गरिरहेका बताए । 'कतिले हामीमार्फत खेती गर्नुभएको छ, कति कृषकले सिधै सबडिभिजन वन कार्यालयमार्फत खेती गर्नुभएको छ', उनले भने, 'अन्नबाली नफल्ने भिरालो जमिनमा लगाइएको अम्रिसोबाट स्थानीयले आम्दानी गर्नुका साथै पहिरोको जोखिम न्यूनीकरणमा सहयोग पुगेको छ ।'

अम्रिसोखेती गर्ने किसानलाई पालिकाले आर्थिक अनुदानका साथै प्राविधिक सहयोग गर्दै आएको शर्माले बताए । प्रत्येक वर्ष मनसुन सुरु हुने बेलामा अम्रिसोको बिरुवा लगाउने, मङ्सिरमा फूल्ने र चैतसम्म काटेर बजार पठाउने गरिएको उनले जानकारी दिए । नगरपालिकासँगै सबडिभिजन वन कार्यालयले वनमा आश्रित घरपरिवारलाई आयमूलक पेसामा जोड्न पहाडी क्षेत्रमा अम्रिसो खेतीलाई प्रोत्साहन गर्दै आएको कृषि शाखा प्रमुख शर्माले बताए । प्रत्येक वर्ष पहाडी क्षेत्रमा अम्रिसोखेती गर्ने कृषक र क्षेत्रफल बढ्दै गएको उनले उल्लेख गरे । *रासस*




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ